मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ६८ ★ ने. सं. ११४६ चौला थ्व, चतुर्दशी ★ बुधबार ★ १८ चैत, २०८२ ★ April 1, 2026, Wednesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

# तेल बोकेको रूसी जहाज क्युवा पुग्यो




- एड न्युमेन

तेलको ट्याङ्कर बोकेको रुसी पानीजहाज 'अनातोली कोलोद्किन' क्युवा पुगेको छ। अहिले यो मातान्जाज बन्दरगाहमा छ। रुसी यातायात मन्त्रालयका अनुसार अहिले ट्याङ्कर अनलोड हुने तरखरमा छ।

पानीजहाजले झन्डै १ लाख टन तेल बोकेको छ। क्युवामा चरम ऊर्जा सङ्कट भइरहेको बेला रुसको सहयोगलाई मानवीय राहत सामग्री मानिएको छ।

रिपोर्टअनुसार कार्गो जहाजमाथि रुसको झन्डा फहराइएको थियो। त्यसको सुरक्षामा सेना खटाइएको थिएन। सुरुमा इङ्गलिस च्यानलसम्म त्यसलाई रुसको जलसेनाले सुरक्षा दिएको थियो। तर, एटलान्टिक महासागरमा पसेपछि तेलको ट्याङ्कर बोकेको जहाज क्युवासम्म एक्लै पुगेको थियो।

रिपोर्टअनुसार तीन महिनापछि पहिलोपल्ट क्युवामा विदेशी तेलको ट्याङ्कर पुगेको हो। अमेरिकाले भेनेजुयला र म्याक्सिकोलाई दबाबमा राखेपछि र ती देशबाट क्युवामा जाने ऊर्जा आपूर्ति ठप्प पारेपछि रुसले सहयोग पठाएको हो। जनवरी ९ गतेदेखि नै क्युवाले बाहिरबाट तेल प्राप्त गरेको थिएन। यसबिच क्युवाको ऊर्जा प्रणाली लगातर खस्किँदै गएको थियो भने जनताले निकै सास्ती व्यहोर्नुपरेको थियो। किनभने, क्युवाली अर्थतन्त्र र सरकारी पूर्वाधारहरू तेलमाथि निर्भर छन्।

पछिल्लोपल्ट म्याक्सिकोले तेलको जहाज पठाउँदा वासिङटनको दबाबका कारण क्युवा पुग्न पाएको थिएन। यसरी अमेरिकाले भाँजो हाल्दै जाँदा क्युवाको ऊर्जा सङ्कट छाएको थियो। यसले दैनिक वस्तु ढुवानी र विद्युत् जेनेरेटरको क्षमतालगायत उत्पादनका अन्य गतिविधिमा खलल पुगेको थियो।

**मस्कोको 'अविचल ऐक्यबद्धता'**

रुसले पठाएको सहयोग क्युवाप्रति उसको राजनीतिक समर्थन तथा सहकार्य दुवै हो। गत हप्ता रुसी विदेशमन्त्री सेर्गेइ लाभरोभले क्युवामा बढ्दै गएको तनावप्रति चासो व्यक्त गर्नुभएको थियो। क्युवाली सरकारप्रति रुसको पूर्ण ऐक्यबद्धता रहने मन्त्री लाभरोभले आश्वस्त पार्नुभएको थियो।

रुसी राष्ट्रपतिका प्रवक्ता दिमित्री पेस्कोभले क्युवाप्रति मस्कोको समर्थनमा जोड दिनुभयो। उहाँले अप्ठ्यारो अवस्थामा क्युवालाई सहयोग गर्ने सन्दर्भमा रुसी उच्च अधिकारीहरूबिच छलफल भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामी क्युवाली नेतृत्वसँग निरन्तर संवादमा छौँ। निश्चय नै हामीले यस्तो अप्ठ्यारो अवस्थामा क्युवालाई सहयोग गर्ने विषयमा छलफल गर्दै छौँ।" उहाँले सहयोगको उपायबारे क्युवाली समकक्षीसँग कुराकानी गर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "पेट्रोलियम पदार्थ बोकेको जहाज क्युवा पुग्दै छ भन्ने खबरले हामी खुसी छौँ। खासमा जहाज त्यहाँ पुगिसकेको छ।" पेस्कोभले क्युवा 'चरम नाकाबन्दीमा छ' र उसलाई पेट्रोलियम पदार्थ र कच्चा तेल चाहिएको बताउनुभयो। देशका पूर्वाधार सञ्चालन गर्न, विद्युत् उत्पादन गर्न, जनतालाई औषधि उपचारलगायत सेवा प्रदान गर्न यी सामग्री अत्यावश्यक भएकोमा पेस्कोभको विशेष जोड थियो।

प्रवक्ता पेस्कोभले क्युवालाई 'सम्भव सबै सहयोग गर्न' रुस तयार रहेको सङ्केत गर्नुभयो। यसका लागि उहाँले क्युवाली अधिकारीहरूसँग कुरा गर्ने बताउनुभयो।

रुसी विदेश मन्त्रालयले क्युवामा चुलिँदो तनावप्रति गम्भीर चासो व्यक्त गऱ्यो। उसले क्युवाली सरकारप्रति समर्थन जनायो भने अमेरिकी नाकाबन्दी र दबाबको सामना गरिरहेका क्युवाली जनतालाई 'दाजुभाइ' भन्यो। वक्तव्यमा क्युवाले ऊर्जा नाकाबन्दीका साथै व्यापार, अर्थतन्त्र, वित्ततन्त्रको क्षेत्रमा 'अभूतपूर्व चुनौती' भोगिरहेको उल्लेख छ।

यही सन्दर्भमा रुसले 'अविचल ऐक्यबद्धता' मा जोड दियो। उसले 'बाहिरिया निर्णय र लामो प्रतिबन्ध' लाई यसको दोष दियो।

हाललाई तेलको ट्याङ्कर बोकेको अनातोली कोलोद्किन मातान्जाज बन्दरगाहमा छ। तत्काललाई यसले क्युवालाई राहत नै हुनेछ। तर, यसको दीर्घकालीन प्रभाव हेर्न बाँकी छ।

*(स्रोत : रेडियो हवाना।)*

# जुम्लाका आठ स्थानीय तहका १२६ उजुरी अख्तियारमा

जुम्ला, १७ चैत। अख्तियार दुरुपयोग अनुसन्धान आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतमा जुम्लाका आठ स्थानीय तहसम्बन्धी एक सय २६ वटा उजुरी परेका छन्। कार्यालयका सूचना अधिकारी धर्मराज बुढाले चालू आर्थिक वर्षको फागुनसम्म स्थानीय तहका अनियमितता तथा भ्रष्टाचारसम्बन्धी विभिन्न उजुरी परेका र तीमध्ये ३५ वटा फछ्र्यौट गरिएका बताउनुभयो। तीमध्ये सबैभन्दा बढी चन्दननाथ नगरपालिकाका ५२ वटा उजुरी परेकामा १३ वटा फछ्र्यौट गरिएको उहाँले जानकारी दिनुभयो।

यस्तै, गुठीचौर गाउँपालिकाका २३ उजुरीमध्ये नौ, पातारासीको ११ वटा उजुरीमध्ये चार, तातोपानी गाउँपालिकाका नौ उजुरीमध्ये दुई, हिमा गाउँपालिकाका सात वटामध्ये एक, तिलाका नौ वटामध्ये दुई, सिञ्जाका चार वटामध्ये दुई र कनकासुन्दरीका ११ उजुरीमध्ये दुई वटा फछ्र्यौट गरिएका सूचना अधिकारी बुढाले बताउनुभयो।

आयोगले स्थानीय तहका उजुरी प्रत्येक वर्ष बढ्दै गएको जनाएको छ। आयोग प्रदेश कार्यालयअन्तर्गत कर्णाली प्रदेशका १० सहित लुम्बिनी प्रदेशको पूर्वीरुकुम जिल्ला रहेको छ।

## व्यङ्ग्यचित्र कुनो




# हतारमा निर्णय गरेर पछि
# पछुताउनुपर्ने काम गर्नु राम्रो होइन

हतारमा निर्णय गरेर पछि पछुताउनुपर्ने काम राम्रो होइन। यो अपरिपक्वताको दृष्टान्त हो। यस्तो निर्णय विगतमा भएको थियो। विरोध या दबाबपछि सरकारी अपरिपक्व निर्णय फिर्ता पनि भएको थियो। विचार नपुऱ्याइकन, सबै कुराको गहिरो अध्ययन नगरिकन निर्णय गर्दा बेठाउँमा पर्छ। त्यस्तो निर्णय जनता या सरोकारवाला निकायले स्वीकार्दैनन्। दबाबको कारण विगतमा यस्तो निर्णय फिर्ता भएको थियो। हालै शिक्षा मन्त्रालयले गरेको निर्णय पनि फिर्ता लिनुपरेको छ। जन दबाबको कारण शिक्षा मन्त्रालयको निर्णय फिर्ता भयो। ब्रिज कोर्स र प्रवेश परीक्षाबारेको निर्णयमा शिक्षा मन्त्रालयले संशोधन गऱ्यो। सञ्चारमाध्यमले पनि सरकारी निर्णय हो होइन कुनै छिनोफानो नगरी हल्लाकै भरमा प्रचार गरिरहेको हुन्छ। यसले जनतामा भ्रम सिर्जना गर्छ। यसको कारण जनतामा गलत सन्देश जान्छ।

सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिकको उमेर ७५ वर्ष पुऱ्याउने खबर सञ्चारमाध्यममा आएको छ। यो सरकारी निर्णय होइन भने यसलाई किन सञ्चारमाध्यममा ल्याउनु पऱ्यो ? त्यस्तै सम्पत्ति शुद्धीकरणको कुरा पनि काम गराइभन्दा हल्ला बढी गरियो। छानबिन प्रक्रिया या कारबाहीको प्रक्रिया अघि बढाएपछि मात्रै चर्चाको विषय बनाउनुपर्ने हो। कुनै पनि चर्चाको निम्ति काम गरिने होइन। सरकारले गर्ने हरेक काम सत्य र तथ्यको आधारमा गर्नुपर्छ। निष्पक्ष छानबिन गरी बिनाभेदभाव काम अघि बढाउनुपर्छ। विगतको सरकारले प्रतिशोधमा कार्य गरेको हुँदा त्यसको बदला लिन भनेर नयाँ सरकारले पनि प्रतिशोधको भावना राखेर प्रक्रिया अघि बढाउनु हुँदैन। ज्येष्ठ नागरिकहरूको जीवन सुनिश्चित गर्नुपर्ने बेला सामाजिक सुरक्षा भत्ता पाउने उनीहरूको उमेर बढाएमा उनीहरूप्रति असमान व्यवहार भएको हुन्छ। वृद्ध वृद्धाहरूप्रति विभेद गरिएको हुन्छ।

हरेक नयाँ सरकार सुरु सुरुमा विगतको सरकारले भन्दा केही फरक निर्णय गर्न या सुधार गर्न लागेको हुन्छ। नयाँ सरकारप्रति जनतामा आशा र विश्वास पनि हुन्छ। तर, समय बित्दै गएसँगै दुई चारवटा नयाँ र सुधारात्मक काम गरेपछि शासकहरू निस्क्रिय हुन थाल्छन्। बालेनको नेतृत्वमा बनेको सरकारले पनि सरकार गठनको भोलिपल्ट नै जाँचबुझ आयोगको प्रतिवेदनको आधारमा पूर्वप्रम र पूर्वगृहमन्त्रीलाई पक्राउ गऱ्यो र कारबाहीको प्रक्रिया अघि बढाएको भनी सरकारले गर्व गऱ्यो। सत्तासीन दलका नेताहरू कहाँबाट सञ्चालित छन्; क-कसको इसारा या उठबसमा चलिरहेका छन् भन्ने कुरा भुलाउन या अन्त मोड्न पनि सरकारले केही सुधारात्मक गतिविधि गरेको हुन्छ।

देशमा अमेरिकी सेनाको गतिविधि बढेको विषयमा सरकारले बोलेको छैन। सरकारले एमसीसीबारे मुख खोलेको छैन। सरकारले एसपीपी सम्झौता गरेर नेपालमा अमरिकी सेनाको ब्यारेक खोलेर नेपाली भूमिलाई उपयोग गर्न सक्ने नेपालीको गुनासोबारे सरकार बोलेको छैन। देशमा विदेशीहरूको चलखेल र विदेशी घुसपैठबारे सरकार मौन देखिन्छ। संविधानमा उल्लेख भएअनुसार कक्षा ८ सम्मको अनिवार्य शिक्षा र माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) को निःशुल्क शिक्षाको बन्दोबस्तबारे सरकारको ध्यान गएको छैन। नेपालमा विदेशी हस्तक्षेप बढेकोमा घुसपैठ भएको कुरा सिंहदरबार, सर्वोच्च अदालत र

*बाँकी पृष्ठ ८ मा*

डढेलोबाट जोगिऔं र जोगाऔं।
❖ सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
❖ डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
डढेलोबाट जोगिन
❖ जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
❖ सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
❖ चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
❖ डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
❖ डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,
वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार**
काठमाडौँको गोठटारबाट देखिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तारको क्रममा निर्माणाधीन संरचना । *तस्बिर: किरणराज विष्ट/रासस*

# बीमा सेवा दिन आनाकानी गरिए कारबाही : बीमा बोर्ड

काठमाडौँ, १७ चैत । विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाले स्वास्थ्य बीमा सेवा दिन आनाकानी गरेको तथा बिरामीलाई आवश्यक सुविधा नदिइएको पाइएपछि स्वास्थ्य बीमा बोर्डले कानुनअनुसार कारबाही हुने चेतावनी दिएको छ ।

बीमा कार्यक्रमअन्तर्गत सेवा प्रवाहका क्रममा केही सेवा प्रदायक स्वास्थ्य संस्थाबाट बीमित सेवाग्राहीलाई दुःख दिएको तथा सेवा प्रवाह नगरेको पाइएपछि बोर्डले सहज रूपमा स्वास्थ्योपचार गर्न गराउन आग्रह आग्रह गरेको छ ।

स्वास्थ्य संस्थाहरूले बीमा सेवा प्राप्त गर्न अग्रिम समय लिनुपर्ने, बीमितप्रति भेदभावपूर्ण व्यवहार गरिएको तथा आवश्यक सेवा सुविधा एवं औषधि उपलब्ध नगराइएकोप्रति बोर्डले ध्यानाकर्षण भएको जनाएको छ । स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५ तथा प्रचलित कानुनविपरीतका गतिविधि नगर्न तथा नगराउन बोर्डले चेतावनी दिएको छ ।

अनुगमनका क्रममा कुनै सेवा प्रदायक स्वास्थ्य संस्थाबाट नियमविपरीत कार्य भएको प्रमाणित भएमा स्वास्थ्य बीमा ऐन, २०७४ बमोजिम कारबाही हुने बोर्डका कार्यकारी निर्देशक कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । ***रासस***

# गैरकानुनी विज्ञापन प्रकाशन तथा प्रसारण नगर्न बोर्डको आग्रह

काठमाडौँ, १७ चैत । विज्ञापन बोर्डले अनधिकृत वेबसाइट, बेटिङ एप, सामाजिक सञ्जाल तथा कानुनले निषेध गरेका स्थानमा विज्ञापन प्रकाशन तथा प्रसारण नगर्न नगराउन आग्रह गरेको छ ।

सरकारले सबै प्रकारका बेटिङ एप तथा बेबसाइट यही चैत १३ गतेको मन्त्रिपरिषद्को बैठकले बन्द गर्ने निर्णय गरिसकेको उल्लेख गर्दै बोर्डले गैरकानुनी रूपमा विज्ञापन प्रकाशन, प्रसारण र प्रदर्शन भएको भए तत्काल बन्द गर्न र गराउन सरोकारवालालाई अनुरोध गरेको छ ।

गैरकानुनी रूपमा र बन्द गरिएका एप तथा वेबसाइटमा विज्ञापन प्रकाशन, प्रसारण वा प्रदर्शन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने भएकाले त्यस्ता गतिविधि भइरहेको पाइएमा बोर्डमा यथाशीघ्र उजुरी गर्न अनुरोध गरिएको बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डे खत्रीले जानकारी दिनुभयो ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ बमोजिम जुवा खेल्न र खेलाउन वा प्रचलित कानुनबमोजिम अनुमति नलिएको चिठ्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा विज्ञापन गर्न नहुने व्यवस्थाको समेत बोर्डले स्मरण गराएको छ । ***रासस***

# प्रअले छात्रवृत्ति रकम हिनामिना गरेपछि...

जुम्ला, १७ चैत । जुम्लाको तातोपानी गाउँपालिका-१ राँकास्थित गणेश माध्यमिक विद्यालयका प्रधानाध्यापक नरेन्द्रबहादुर महतसहित तीन जनाविरुद्ध छात्रवृत्ति रकम हिनामिना गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालयले सोमबार दायर गरिएका प्रअमहतसहित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिलप्रसाद भट्टराई र लेखा सहायकविरुद्ध आर्थिक वर्ष २०७९/८० मा विद्यालयलाई प्राप्त रु. एक लाख ४५ हजार ३५० छात्रावृत्ति रकम हिनामिना गरेको आरोप लागेको छ ।

प्रअ महतले मिति २०८० चैत २१ मा कक्षा १ देखि ५ सम्मका छात्राहरूलाई छात्रवृत्ति रकम रु. एक हजारको दरले ८३ जनालाई र कक्षा ६ देखि ८ सम्मका छात्राहरूलाई एक हजार ४८५ रूपैयाँ २३ पैसाका दरले ४४ जनालाई रु. ६५ हजार ३५० गरी रु. एक लाख ४८ हजार ३५० वितरण गरेको भर्पाइ तातोपानी गाउँपालिकालाई पठाएको देखिएको जनाइएको छ ।

विद्यालयलाई प्राप्त छात्रवृत्ति रकम सम्बन्धित छात्राहरूलाई वितरण गरेको नदेखिएको तथा प्रतिवादीहरूले एकापसमा मिलेमतो गरी २०८० असोज २१ गते झूटा भर्पाइ पुनः कीर्ते गरी २०८० चैत २१ मा छात्रवृत्ति वितरण गरेको अर्को झूटा भर्पाइ तयार गरेको पुष्टि भएको आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा उनीहरूविरुद्ध रु. एक लाख ४५ हजार ३५० बिगो रकम कायम गरी कैद र जरिवानाको सजाय हुन मागदाबी लिई सोमबार विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको छ । ***रासस***

# वैदेशिक रोजगारमा जाने कामदारले सरकारी अस्पतालमा स्वास्थ्य परीक्षण गर्न पाउने

काठमाडौँ, १७ चैत । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण सरकारी मान्यता प्राप्त जुनसुकै अस्पतालबाट परीक्षण गर्न पाउने व्यवस्था गरेको छ ।

मन्त्री दीपककुमार साहको नेतृत्वमा मङ्गलबार बसेको मन्त्रिस्तरीय बैठकले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न चाहने स्वास्थ्य संस्थाका लागि सूचीकरण खुला गर्ने र स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को दफा ३ को व्यवस्थाबमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको छ ।

नेपाल मेडिकल व्यवसायी सङ्घका महासचिव कृष्णप्रसाद बजगाईंले सरकारले कार्यविधिमा भएको व्यवस्था लागू गराउनु सकारात्मक देखिए पनि निजी क्षेत्रका स्वास्थ्य संस्था र व्यवसायीलाई व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

श्रम तथा रोजगार मन्त्रालयको मापदण्डअनुसार हाल १९४ वटा स्वास्थ्य संस्थाले नवीकरण गरेका छन् । यिनै संस्थामार्फत वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण हुँदै आएको थियो । ***रासस***

# दानव नदीमा अवैध उत्खनन् गर्ने सवारीसाधन नियन्त्रणमा

सिद्धार्थनगर (भैरहवा), १७ चैत । जिल्ला प्रहरी कार्यालय रूपन्देहीले अवैध माटो उत्खनन तथा ओसारपसारमा संलग्न सवारीसाधनमाथि कडाइ गर्दै यसमा संलग्न टिपर, जेसिबी र एक्साभेटर नियन्त्रणमा लिएको छ ।

कार्यालयका अनुसार इलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको टोलीले शुद्धोधन गाउँपालिका-२ कलुवास्थित दानव नदीबाट अवैध रूपमा माटो उत्खनन तथा ओसारप्रसार भइरहेको अवस्थामा भे१क १३४४५ नम्बरको जेसिबी, लु२ख ४९९५ नम्बरको टिपर र ना१क ८०२६ नम्बरको एक्स्काभेटर नियन्त्रणमा लिएको हो । ती सवारीलाई आवश्यक कारबाहीका लागि शुद्धोधन गाउँपालिका कार्यालय पठाइएको र सो क्रममा रु. तीन लाख २० हजार जरिवाना गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक जनकबहादुर शाहीले जानकारी दिनुभयो ।

जिल्लामा चोरी, तस्करी नियन्त्रणसँगै प्राकृतिक स्रोतको अवैध दोहनविरुद्ध पनि कडाइ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पछिल्लो समय ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको अवैध उत्खनन गर्नेविरुद्ध प्रहरीले निगरानी बढाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कृष्णकुमार चन्दले जानकारी दिनुभयो ।

प्रहरीले अवैध गतिविधिमा संलग्न लाई कानुनी दायरामा ल्याइने बताएको छ । प्रहरीले यस्ता गतिविधि रोक्न निरन्तर अनुगमन र कारबाहीलाई तीव्र बनाएको जनाएको छ । ***रासस***

# दार्चुलामा जिप दुर्घटना

खलङ्गा (दार्चुला), १७ चैत । ओसिलबाट गोकुलेश्वरतर्फ गइरहेको जिप शैल्यशिखर नगरपालिका-४ ओसिल क्षेत्रमा दुर्घटना हुँदा त्यसमा सवार दुई जना सरकारी कर्मचारीको घटनास्थलमा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय दार्चुलाका अनुसार दुर्घटनामा परी जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय दार्चुलामा कार्यरत इन्जिनियर मनिषा चन्द र वरिष्ठ प्रशासकीय अधिकृत भरतबहादुर तितराको घटनास्थलमा मृत्यु भएको हो । कामको सिलसिलामा उहाँहरू काडापारीबाट ओसिलतर्फ जानुभएको जनाइएको छ । दुर्घटनामा अन्य चार जना घाइते भएका छन् । उनीहरूको गोकुलेश्वरस्थित गोकुलेश्वर अस्पतालमा उपचार भइरहेको छ । ***रासस***

# महावीर जैनको २६२५ औँ जन्मजयन्ती मनाइयो

काठमाडौँ, १७ चैत । जीवनभर सत्य, अहिंसा, अपरिग्रह, अस्तेय र ब्रह्मचर्यको सन्देश बाँड्नुभएका महावीर जैनको २६२५ औँ जन्मजयन्ती मङ्गलबार विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइयो ।

इसापूर्व ५९९ मा चैत शुक्ल त्रयोदशीका दिन भारतको वैशाली नजिकैको 'कुण्डलग्राम' नामक गाउँमा राजा सिद्धार्थ र रानी त्रिशूलाबाट उहाँको जन्म भएको थियो । राजपरिवारमा जन्मिए पनि शान्तिको खोजीका लागि महावीर जैन तपस्यामा निस्कनुभएको विभिन्न जैन ग्रन्थमा उल्लेख गरिएको छ । करिब १२ वर्ष तपस्या गरेपछि उहाँले मानव समुदायलाई जैन दर्शन बाँड्नुभएको हो ।

नेपाल जैन परिषद्का अध्यक्ष सुशीलकुमार जैन शास्त्रीय मान्यताअनुसार २४ वटा तीर्थङ्कर जैन छन् । धर्मको बाटो देखाउने भएकाले तीर्थङ्कर नाम दिइएको हो । हिंसा, सत्य र आफूलाई चाहिनेभन्दा बढी सङ्ग्रह नगर्ने सन्देश महावीरले दिनुभएको थियो ।

अरुलाई दुःख दिनु पनि हिंसा भएकाले अरुको उपकार गर्नु नै अहिंसा हुने महावीरको विचार छ । उहाँको उत्तर अध्याय सूत्र कृति चर्चित छ । जसको नेपाली अनुवाद मानव लिन केन्द्रका संस्थापक डा. मणिभद्र मुनिजीले गर्नुभएको छ । महावीरको जन्मजयन्तीका अवसरमा नेपाल जैन परिषद्लगायत विभिन्न सङ्घ संस्थाले कार्यक्रम आयोजना गरी यो दिवस मनाउने जनाइएका छन् । ***रासस***

# भोजपुर-बेहेर नागबेली सडकको दृश्यले पर्यटकलाई आकर्षित गर्दै

भोजपुर, १७ चैत । भोजपुर सदरमुकामबाट कोटडाँडा हुँदै पिखुवा खोला किनारको बेहेरे दोभानसम्म झर्ने नागबेली आकारको सडक यतिबेला आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको छ । हरियालीले ढाकिएको पहाडको काखैभरि सर्प बाङ्गोटिङ्गो रूपमा तल झर्दै गएको यो सडकको दृश्यले जो कोहीलाई पनि सहजै आकर्षित गर्ने गर्दछ ।

भोजपुर नगरपालिका-१२ मा पर्ने यो सडक करिब १३ किलोमिटर लामो रहेको छ । उकालो-ओरालोमा दर्जनौँ घुम्ती पार गर्दै निर्माण गरिएको यो मार्गले दुर्गम बस्तीलाई सदरमुकामसँग जोड्नुका साथै यहाँको जनजीवनमा ठुलो परिवर्तन ल्याएको स्थानीय बताउँछन् ।

पहिले घण्टौँ पैदल हिँड्नुपर्ने ठाउँमा अहिले सवारीसाधन पुग्न थालेपछि स्थानीयवासीको दैनिकी सहज बनेको छ । यो सडक भोजपुरलाई दक्षिणी क्षेत्रसँग जोडेको छ । यस सडकको सबैभन्दा विशेषता भनेकै यसको नागबेली आकृति हो । माथिबाट हेर्दा लामो सर्पजस्तै घुमाउरो देखिने यो सडक दृश्यले फोटोग्राफी तथा भिडियो खिच्न रुचाउनेका लागि आकर्षणको केन्द्र बनेको छ । पछिल्लो समय सामाजिक सञ्जालमा यस्ता तस्बिर तथा भिडियो व्यापक रूपमा साझा हुन थालेपछि यहाँ घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्यासमेत बढेको स्थानीयको भनाइ छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्र वरिपरि फैलिएको हरियाली वन, डाँडाकाँडा र तल बगिरहेको पिखुवा खोलाको मनोरम दृश्यले यात्रालाई अझ रमणीय बनाउने गर्दछ । बिहानको कुहिरो र साँझपखको सुनौलो घामले सडकलाई झन् आकर्षक बनाउने भएकाले यहाँ पुग्ने पर्यटकले समय मिलाएर दृश्यावलोकन गर्ने गरेका छन् ।

स्थानीयका अनुसार यो सडकले कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहजता ल्याएको छ । आलु, मकै, अदुवा, फलफूललगायत कृषिउपज ढुवानीमा सहज भएपछि किसानलाई प्रत्यक्ष लाभ पुगेको छ । साथै, सडक सञ्चालनमा आएपछि यहाँको व्यापार-व्यवसाय पनि विस्तार हुन थालेको छ ।

सडक छेउमा विश्रामस्थल, दृश्यावलोकन स्थल (भ्यू प्वाइन्ट) निर्माण, सूचना बोर्ड जडान गरिएमा यात्रु तथा पर्यटकलाई सहजता हुने स्थानीयको भनाइ छ । आवश्यक पूर्वाधार विकास र प्रभावकारी प्रचार गर्न सकिएमा भोजपुर-बेहेरे सडक केबल यातायात मार्गमा सीमित नरही प्राकृतिक सौन्दर्य अवलोकनका लागि देशकै एक आकर्षक गन्तव्यका रूपमा स्थापित हुनसक्ने स्थानीय जानकारहरूले बताउने गरेका छन् । ***रासस***

# काठमाडौँका पूर्वप्रजिअ रिजाल पक्राउ

काठमाडौँ, १७ चैत । काठमाडौँका पूर्वप्रमुख जिल्ला अधिकारी छवि रिजाललाई प्रहरीले नियन्त्रणमा लिएको छ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उहाँलाई मङ्गलबार बिहान कोटेश्वरको सुविधानगरबाट नियन्त्रणमा लिएको हो ।

गत भदौ २३ र २४ गते भएको आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले उक्त आन्दोलनमा बल प्रयोग गर्न निर्देशन दिएको जनाउँदै तत्कालीन पूर्वप्रजिअ रिजाललाई कारबाही सिफारिस गरेको जनाइएको छ ।

पक्राउ पर्नुभएका पूर्वप्रजिअ रिजाललाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाउने तयारी भइरहेको अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले राससलाई जानकारी दिनुभयो ।

अब जिल्ला अदालतबाट म्याद थप गरी उहाँमाथि अनुसन्धान प्रक्रिया अघि बढ्नेछ । ***रासस***

## सङ्क्षिप्त समाचार

### ठगीको अभियोगमा नगरकोटी पक्राउ

काठमाडौँ, १७ चैत । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभन देखाएर ठगी गरेको अभियोगमा एक जना पक्राउ परेका छन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टका अनुसार ललितपुरको गोदावरी नगरपालिका–१९ बस्ने ३८ वर्षीय रिजेन नगरकोटीले न्युजिल्यान्ड पठाइदिने बहानामा रु. १६ लाख ३० हजार ठगी गरेको अभियोगमा निजलाई मङ्गलबार पक्राउ गरिएको हो ।

अभियुक्तलाई आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको छ । *रासस*

### ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु

जुम्ला, १७ चैत । तिला गाउँपालिका–५ खोलीगाउँको बिराली ढुस्कामा मङ्गलबार बिहान भएको ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक निर्देश बरालका अनुसार दुर्घटनामा परी गम्भीर घाइते भएका तिला गाउँपालिका–५ का ५१ वर्षीय तिल रावतको कर्णाली स्वास्थ्य विज्ञान प्रष्ठिानमा उपचारका क्रममा मृत्यु भएको हो । *रासस*

### कामपाले दस वटा वडाबाट भूमि प्रशासन सेवा केन्द्र सञ्चालन गर्ने

काठमाडौँ, १७ चैत । काठमाडौँ महानगरपालिकाका ३२ वडामध्ये १० वटा वडाबाट भूमि प्रशासन सेवा केन्द्र सञ्चालन गर्ने भएको छ ।

कामपाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलका अनुसार पहिलो चरणमा नमुनाका रूपमा वडा नं ३, ४, ६, १०, १४, १५, १६, २३, २६ र ३१ मा सेवा सञ्चालन गर्ने तयारी छ । “त्यसका लागि कामपाले चावहिल, डिल्लीबजार र कलङ्की मालपोत कार्यालयसँग सहकार्य गर्ने छ,” उहाँले भन्नुभयो ।

यसअघि चार किल्ला सिफारिस, घरबाटो सिफारिसजस्ता सेवा दिँदै आएकामा अब वडाबाट भूमि प्रशासन सेवासमेत सञ्चालन गर्न लागेको हो । भूमिको स्वामित्व तथा हकसम्बन्धी सेवा, लेखापढी, स्रेस्ता तथा अभिलेख व्यवस्थापन, रोक्का तथा फुकुवा सिफारिस, कर तथा राजस्वसम्बन्धी सेवा कार्यक्रम वडाबाटै प्राप्त हुनेछन् ।

“नागरिक परामर्श तथा गुनासो सहजीकरण, सेवाग्राहीबाट लिनुपर्ने राजस्व वडा कार्यालयबाट लिने व्यवस्था, सेवाग्राहीको पहिचानका सुनिश्चित गर्न बायोमेट्रिक विवरण सङ्कलन गर्ने व्यवस्था, बैङ्कमा रोक्का राख्ने वा फुकुवा गर्ने प्रक्रियामा सिफारिस र अभिलेख व्यवस्थापन पनि वडाबाटै हुनेछ,” कामु प्रमुख डङ्गोलले भन्नुभयो ।

कामपाको ४७ औँ कार्यपालिका बैठकले नमुना कार्यक्रमका रूपमा १० वटा वडाबाट भूप्रशासन सेवा प्रारम्भ गर्ने निर्णय गरेको थियो । सोही अनुरूप अहिले कार्यान्वयन गर्न लागिएको हो । *रासस*

### लागूऔषधसहित विभिन्न स्थानबाट नौ जना पक्राउ

काठमाडौँ, १७ चैत । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट नौ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार झापाको भद्रपुर नगरपालिका–५ नयाँबजारबाट एक, मोरङको उर्लाबारी महानगरपालिका–७ बरगाछीबाट दुई र बाराको जितपुर सिमरा उपमहानगरपालिका–१० नितनपुरबाट दुई जनालाई खैरो हेरोइन र छ हजार ७५० नगदसहित पक्राउ गरिएको हो ।

त्यसैगरी, तनहुँको आँबुखैरेनी गाउँपालिका–२ ढापटारबाट एक, वीरगञ्ज महानगरपालिका–१६ बाट दुई जना र सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–८ बाट एक जनालाई सोमबार पक्राउ गरिएको हो । उनीहरूबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने एक हजार ७०० ट्रामाडोल ट्याबलेट बरामद भएको थियो । *रासस*

### सवारी दुर्घटना र डुबेर चार जनाको मृत्यु

काठमाडौँ, १७ चैत । भक्तपुर र महोत्तरीमा गएराति भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

यसैगरी, कपिलवस्तु र धनुषामा डुबेर दुई जनाको ज्यान गएको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार भक्तपुरको सूर्यविनायक नगरपालिका–८ घ्याम्पेडाँडामा स्कुटर दुर्घटना हुँदा काठमाडौँ महानगरपालिका–३२ का ३१ वर्षीय किरण पाण्डेको मृत्यु भएको हो ।

महोत्तरीको गौशाला नगरपालिका–३ इँटाटारमा मोटरसाइकल दुर्घटना हुँदा औरही नगरपालिका–१ का २३ वर्षीय धर्मेन्द्र साहको मृत्यु भएको हो ।

त्यसैगरी, कपिलवस्तुको बुद्धभूमि नगरपालिका–४ का १४ वर्षीय तुसार खनालको गुदरुङ खोलामा डुबेर मृत्यु भएको छ ।

प्रहरी समाचारकक्षले मङ्गलबार जारी गरेको समाचार ‘बुलेटिन’ अनुसार धनुषाको सहिदनगर नगरपालिका–६ हरबडाका १५ वर्षीय कार्तिक मण्डलको आफ्नै घरअगाडि रहेको पोखरीमा डुबेर मृत्यु भएको छ । *रासस*



**फेवातालमा प्रदूषण**

पर्यटकीय राजधानी पोखराको मुख्य आकर्षण फेवातालमा फिर्केखोलाबाट बगेर आएको फोहोरमैलाले प्रदूषण बढाउँदै । पोखरा बजारको बिच भागबाट बग्ने उक्त खोलाले प्रत्येक वर्ष ढुङ्गा, माटो र प्लास्टिकजन्य फोहोर तालमा थुपार्दा ताल क्रमशः पुरिँदै जमिनमा परिणत हुने जोखिम बढेको देखिन्छ ।

*तस्बिर: हरिप्रसाद बास्तोला/रासस*

## लोकप्रिय बन्दै पालुङटारको ‘किसानसँग बीउ पैँचो’ कार्यक्रम

गोरखा, १७ चैत । जिल्लाको पालुङटार नगरपालिकाले सञ्चालन गरेको ‘किसानसँग बीउ पैँचो’ कार्यक्रम लोकप्रिय बन्दै गएको छ । आर्थिक वर्ष २०८१/८२ देखि सुरु भएको उक्त कार्यक्रममा हाल पालिकाका अधिकांश किसान आबद्ध रहेका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले बताउनुभयो ।

उहाँका अनुसार कार्यक्रमअन्तर्गत पालिकाले कृषक, कृषि समूह तथा कृषि सहकारीलाई शतप्रतिशत अनुदानमा बीउ उपलब्ध गराउँदै आइएको छ । पालिकाले किसानको इच्छाअनुसार विभिन्न प्रकारको खाद्यान्न, रैथाने र मसला बालीको बीउ उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो ।

“खाद्यान्नअन्तर्गत धान र मकै, रैथाने बालीअन्तर्गत कोदो, फापर, मास र कागुनो तथा मसला बालीअन्तर्गत अधुवा र हलेदोको बीउ उपलब्ध हुन्छ,” प्रमुख प्रशासकीय अधिकृत बिसीले भन्नुभयो । बीउ पैँचो कार्यक्रममा कृषकको आकर्षण बढ्दै गएको उहाँको भनाइ छ ।

पालिकाले उपलब्ध गराएको बीउबाट किसानले बीउ उत्पादन गर्नुपर्ने प्रावधान रहेको प्रमुख प्रशासकीय अधिकृत बिसीले बताउनुभयो । उहाँले भन्नुभयो, “निश्चित समयपछि किसानले पालिकाले अनुदानमा उपलब्ध गराएको बीउ पालिकामै फिर्ता गर्नुपर्ने हुन्छ । किसानले पालिकाले जतिमात्रामा बीउ उपलब्ध गराएको थियो, त्यति पालिकालाई फिर्ता गरेर बाँकी आफूखुसी बेच्न सक्नुहुन्छ ।” यसरी किसानले फिर्ता गरेको बीउ पुनः अन्य किसानलाई उपलब्ध गराएर बीउ पैँचो कार्यक्रम सञ्चालन गर्ने उहाँले बताउनुभयो ।

“सुरुको वर्षमा किसानलाई आवश्यकपर्ने बीउ बाहिरबाट ल्याउनुपर्ने हुन्छ । बिस्तारै यही उत्पादन बढ्न थालेपछि किसानबिच बीउ पैँचोको अभ्यास सुरु हुन्छ,” उहाँले भन्नुभयो । पालुङटारले किसानसँग बीउ पैँचो कार्यक्रमका लागि चालु आव २०८२/८३ मा रु. दुई लाख विनियोजन गरेको छ । पालिकाले हाल कार्यक्रम जारी गरेर इच्छुक किसानलाई कार्यक्रममा आबद्ध हुन सूचना प्रकाशन गरिसकेको छ ।

गत वर्ष कार्यक्रममा आबद्ध भएका किसानले बीउसमेत फिर्ता गरिसकेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत बिसीले उल्लेख गर्नुभयो । कार्यक्रम किसानको मागमा आधारित हुन्छ । विशेषगरी पालिकाको रैथाने बाली प्रवर्द्धन गर्न, कृषकको जीविकोपार्जनमा सहयोग पुऱ्याउन र पालिकालाई बीउमा आत्मनिर्भर बनाउन ‘किसानसँग बीउ पैँचो’ कार्यक्रम सञ्चालन गरिएको पालिकाले जनाएको छ । *रासस*

## धवलागिरिको माकुसका किसान व्यावसायिक जडीबुटी खेतीमा आकर्षित

म्याग्दी, १७ चैत । यहाँको धवलागिरि गाउँपालिका–५ मल्कवाङको माकुसका किसानले व्यावसायिक रूपमा जडीबुटीखेती गरेका छन् । परम्परागत खेतीको विकल्पमा सतुवा जातको जडीबुटीखेती गरेका हुन् । माकुसका बलबहादुर रोकाले चार रोपनी पाखोबारीमा सतुवाखेती गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “इलामबाट प्रतिगोटा रु. ३० का दरले बिरुवा किनेर ल्याई सतुवा रोपेको हो । एक सय किलोग्राम सतुवा उत्पादन भएको छ ।” केही वर्षअघिसम्म प्रतिकिलोग्राम रु. १६ हजारमा बिक्री हुने सतुवाको मूल्य घटेर रु. पाँच हजार प्रतिकिलोमा झरेकाले बिक्री गर्न नपाएको उहाँले बताउनुभयो ।

रोकाले सतुवाको गानाका साथै १० हजार नयाँ बिरुवा तयार पार्नुभएको छ । यसअघि मकै, गहुँ, कोदो, उवा, जौँ खेती हुने पाखोबारी र खोल्साको पाखामा सतुवा लगाएको रोकाले बताउनुभयो ।

तत्कालीन सशस्त्र द्वन्द्वपछि ४५ वर्षीय रोका खेतीकिसानी र पशुपालन गर्दै आउनुभएको थियो । समुद्री सतहदेखि दुई हजार ३०० मिटर उचाइमा भिरालो पाखामा अवस्थित माकुसको भूगोल र हावापानी अनुकूल तथा उच्च मूल्य पाइने भएकाले सतुवाखेती गरेको रोकाले बताउनुभयो ।

उहाँले सतुवाखेतीका साथै व्यावसायिक बाख्रापालन पनि गर्नुभएको छ । पचासभन्दा बढी बाख्रा पाल्नुभएको छ । माकुस नजिकैको जङ्गलमा प्राकृतिक रूपमा पनि सतुवा उत्पादन हुँदै आएको थियो । परम्परागत खाद्यबाली खेती गरेर लागत पनि उठाउन नसक्ने अवस्था भएपछि विकल्पमा जडीबुटीखेती गरेको रोकाले भन्नुभयो ।

वैदेशिक रोजगार र परम्परागत खेतीकिसानीको विकल्पमा व्यावसायिक जडीबुटीखेती गरेका रोकालाई धवलागिरि गाउँपालिकाले सतुवाखेती गरेको बारीमा पर्खाल बनाएर घेराबार गर्न गत वर्ष रु. एक लाख अनुदान सहयोग गरेको वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

त्यसैगरी, सतुवाको बिरुवा भएको पल्टमा पलास्टिकको टनेल बनाउन सकेमा तापक्रम सन्तुलित बनाउन, हिउँ, असिना र रोगकीराबाट बचाउन सकिने रोकाको अपेक्षा छ । औषधि बनाउन प्रयोग हुने सतुवा पेट दुखेको, घाँटी दुखेको, सर्पले टोकेको र मानिसले विष सेवन गरेको बेलामा प्रयोग गर्ने चलन छ । *रासस*

## नेपाललाई विश्वको ललितकलाको केन्द्र बनाउन सकिनेतर्फ सरकारको ध्यानाकर्षण

गण्डकी, १७ चैत । ‘विश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियान’ ले नेपाललाई विश्वको ललितकलाको केन्द्र बनाउन सकिने भन्दै सोका लागि सरकारको ध्यानाकर्षण गराएको छ । महाअभियानका तर्फबाट प्राज्ञ नगेनसिंह ठकुरीले कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मामार्फत प्रधानमन्त्रीलाई आगामी आव २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा समेटिनुपर्ने विषयसहित ध्यानाकर्षण गराउनुभएको हो ।

नौबुँदे ध्यानाकर्षणपत्रमा नेपाली कला र वास्तुकलालाई विश्वभर चिनाउन अरनिकोको जस्तै स्वर्णयुग बनाउन सकिने उल्लेख गरिएको छ । हरेक सरकारी विद्यालयमा अनिवार्य ललितकलाको कला गुरु राख्नुपर्ने, विभिन्न स्रोतमार्फत उठेको करबाट निश्चित प्रतिशत ललितकलामा लगाउनुपर्ने, हरेक सरकारी कार्यालयमा अनिवार्य एक कलाकृति राखिनुपर्ने ध्यानाकर्षण पत्रमा भनिएको छ ।

नेपालका कलाकारका कलाकृति बैङ्कमा धितो राखेर ऋण सुविधा उपलब्ध गराउनुपर्ने, नेपाल ललितकला विकास बोर्डको स्थापना गर्नुपर्ने, ललितकला पर्यटनलाई प्रोत्साहन दिनुपर्ने, विज्ञापन बोर्डमा कलाकारको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भनिएको छ ।

अन्तर्राष्ट्रियस्तरको कला पुरस्कारको व्यवस्था र छुट्टै ललितकला विश्वविद्यालयको स्थापना गरिनुपर्ने, नेपाल प्रेस काउन्सिलबाट वर्गीकृत ‘क’ श्रेणीका पत्रिकामा अनिवार्य एक पृष्ठ ललितकलाका लागि छुट्याउनुपर्ने, नेपालको संविधानमा ललितकलालाई राज्यको एक अङ्गका रूपमा उल्लेख गर्नुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

सरकारले अघि सारेका १०० बुँदे कार्यसूचीले मुलुकमा सुशासन र समृद्धिको नयाँ आशा जगाएको र कलाकारको विकासले देशको सांस्कृतिक पहिचान उच्च बनाउनुका साथै पर्यटन र अर्थतन्त्रमा ठुलो टेवा पुग्ने भन्दै ध्यानाकर्षणपत्रमार्फत ध्यानाकर्षण गराइएको महाअभियानका प्राज्ञ ठकुरीले जानकारी दिनुभयो । वर्तमान प्रधानमन्त्रीका पालामा नेपालले विश्वमा ललितकला डायमण्ड युगको देश भई हाम्रा सन्ततिले गर्व गर्नसक्ने विश्वाससमेत व्यक्त गरिएको छ ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी शर्माले कलाकारहरूले देशको संस्कृति, पहिचान, पर्यटन, उद्योग र अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको उल्लेख गर्नुभयो ।

।सम्पादकीय।

# दल ठुलो हुनु नै सच्चाइको मापदण्ड होइन

भागबन्डा गरेर सत्तामा जानु नै पार्टीको धर्म सम्झेका देशका शासक कम्युनिस्ट पार्टीहरूले अब शिक्षा लिनुपर्छ। सरकारको नेतृत्व नगरी नहुने शासक कम्युनिस्ट पार्टी र पार्टीका नेताहरूले अकुत सम्पत्ति कमाए पनि, आफ्ना आसेपासेका मान्छेलाई जागिर दिए पनि, राज्यको स्रोत र साधनमा रजाइँ गरे पनि निर्वाचनमा भएको लजास्पद हारबाट शिक्षा लिएर अबदेखि कम्युनिस्टको सिद्धान्त र विचार जनतामाझ पुऱ्याएर जनतालाई सचेत र सङ्गठित गर्नेतर्फ एमाले र नेकपाको ध्यान पुग्नुपर्छ। सरकारमा जाने र दाइँ गर्ने मानसिकताले आखिरमा एक समय देशकै ठुलो दल बनेको पार्टीको चुनावपछिको नतिजाले दललाई कहाँनेर पुऱ्याउँछ भन्ने कुरा घटनाक्रमले देखाइसकेको छ। कम्युनिस्ट भन्ने पार्टीले सरकारमा गएर कम्युनिस्टको सिद्धान्त र विचार एक ठाउँमा थन्काएर पुँजीपतिवर्गको राजनीति गऱ्यो। सिद्धान्तविपरीत राजनीति गरेको कारण जनतामा वितृष्णा फैलियो। सत्ता भागबन्डामा फसेर दलगत र व्यक्तिगत स्वार्थ मात्र हेरेको कारण युवा विद्यार्थीमा समेत असन्तोष हुनु स्वाभाविक हो।

देशका सबै कम्युनिस्ट पार्टीहरूले कम्युनिस्ट सिद्धान्तअनुसार राजनीति गरेका भए जनता पद, पैसा र लोभलालचमा फस्ने छैनन्; दलका नेता, मन्त्री र सांसदहरू सत्तामुखी हुने छैनन्। कम्युनिस्ट भन्ने पार्टीले वर्ग शत्रुको विरोध गर्नुको सट्टा उल्टो कम्युनिस्ट पार्टीको विरोध गऱ्यो। कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीको विरोधमा पुँजीपतिवर्गको पार्टीसँग साँठगाँठ गऱ्यो। पुँजीपतिवर्गसँग साँठगाँठ गरेको कम्युनिस्ट भन्ने दलले कसरी कम्युनिस्टको सिद्धान्तअनुसार बहुमत जनताको पक्षमा काम गर्छ? कम्युनिस्टहरूले पुँजीपतिवर्गसँग मिलेर पुँजीपति, सामन्त, जालीफटाहाहरूको पक्षपोषण गरेकै कारण एमाले र नेपाली कम्युनिस्ट पार्टीको स्थिति दयनीय भएको हो।

मार्क्सवाद जीवनमा लागू हुने दर्शन र सिद्धान्त हो। नेपालमा पनि यो दर्शन र विचार लागू हुन्छ। तर, मार्क्सवादलाई अन्धानुकरण गरेर होइन, देशको परिस्थितिअनुसार लागू गर्नुपर्छ। कम्युनिस्टको खोल ओढेर मार्क्सवादको नाउँमा पुँजीवादी सरकारमा गएर दलगत तथा व्यक्तिगत स्वार्थ पूरा गर्नेहरूलाई कोरा सिद्धान्तवादीको आरोप लगाउनुमा के आश्चर्य? नेपालमा मार्क्सवाद-लेनिनवाद लागू गर्न नचाहने कम्युनिस्टहरू कसरी सही कम्युनिस्ट हुन्छन्? वर्ग शत्रु चिनेर सङ्घर्ष गर्नुपर्ने कम्युनिस्टहरू पुँजीपतिवर्गको पार्टीसँग मिलेर राज्यकोषामा रजाइँ गर्न पल्केपछि देशमा कसरी आमूल परिवर्तन हुन्छ? कम्युनिस्टहरू बहुमत जनताको सेवा गर्न आमूल परिवर्तनको बाटोमा लाग्ने कि सत्तास्वार्थमा लागेर पुँजीपति वर्गको सेवा गर्ने?

सत्तामुखी कम्युनिस्ट पार्टीले जनतामाझ राजनीति नगरेको कारण कम्युनिस्ट पार्टी र कम्युनिस्ट पार्टीको आन्दोलन पछि परेको हो। २२ वटा पार्टी मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीको प्रत्यक्ष सीट जमा ७ वटा मात्र कसरी भयो? त्यस पार्टीका नेताहरूले पार्टी एकताको बेला र चुनावताका सबभन्दा ठुलो दल बनाउने र बहुमत प्राप्त गर्ने उद्घोष गरेका थिए। तर, परिणाम उल्टो भयो। नेपाली कम्युनिस्ट पार्टी खुम्चियो। नोक्सान पुँजीवादी पार्टीलाई होइन कम्युनिस्ट पार्टीलाई भयो। आफूले कम्युनिस्ट पार्टीको मूल्य र मान्यताअनुसार काम नगरी कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार गाउँ-ठाउँ र बस्ती बस्तीमा पुऱ्याएर समाजवादी प्रचार अभियानमा लागेका दलको पनि विरोध गर्ने दलहरू देखिए।

पार्टीको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो भने के त्यो मान्यताअनुसार दलले राजनीति गर्नुपर्दैन? के आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार गर्नुपर्दैन? वर्ग शत्रु चिनेर वर्गसङ्घर्षको निम्ति सैद्धान्तिक आधार तयार गर्नुपर्दैन? ठुलो दलको अभिमानी गरेर, ठुलो दललाई नै सच्चाइ या सद्दे पार्टी ठान्ने राजनीति सही होइन भन्ने कुरा घटनाक्रमले देखाइसकेको छ। विगतमा नेका, एमाले र माओवादीले ठुलो पार्टी हुनुलाई सद्दे पार्टीको आधार माने। हिजोको कुरालाई सही मान्ने हो भने अहिले एमाले र नेपाली कम्युनिस्ट पार्टी सद्दे पार्टी होइन भन्ने कुरा पुस्टि भएन र? अतः पार्टी ठुलो हुनु नै सच्चाइको मापण्ड होइन। देश, काल र परिस्थितिअनुसार दल कहिले ठुलो र सानो हुन्छ। दल ठुलो हुँदा ठीक र नहुँदा बेठीक हुन्छ भन्ने कुरा दृष्टिदोषबाहेक अरु केही होइन।

हिजो दल ठुलो हुँदा गर्व गर्ने, अरु दल र दलको कुरालाई टेरपुच्छर नगर्ने दल र दलका नेताहरू अहिले नुन खाएको कुखुरोझैँ भएका छन्। प्रतिनिधिसभाको निर्वाचनमा नसोचेझैँ नतिजा आयो भनी नेताहरू शिर निहुँराउँदै छन्। विगतमा देशको सबभन्दा ठुलो दल नेकालाई प्रयोग गरेर एमाले र माओवादीले पालैपालो शासन गरे। सहमतिअनुसार नेकाले शासन गर्न नपाउँदै सरकार ढल्यो। निर्वाचनमा नेका र एमाले नमज्जासँग हारे। दल ठुलो हुँदा सही र सानो हुँदा गलत हुने सोचाइ गलत हो भन्ने कुरा नेका र एमाले आफैले अनुभव गरेको होला।

# इरान युद्धमा कार्बन उत्सर्जन

✍ डा. विनय काम्पमार्क

युद्धमा सुरुमा सत्य मारिन्छ। त्यसपछि मान्छे मारिन्छन्, घाइते हुन्छन्। यही सूचीमा वातावरण पनि पर्छ।

ग्यासका खानी, तेल प्रशोधन केन्द्र र पेट्रो-केमिकल उद्योगमाथि पुगेको क्षति युद्धपछि पनि बाँकी रहन्छ। पृथ्वीको तापक्रम नबढोस् भनेर संसारले प्रयास गरिरहेको बेला इरान युद्धका कारण ठुलो मात्रामा कार्बन उत्सर्जन भइरहेको छ।

गत फेब्रुअरी २८ गते सुरु भएको इरान युद्धको सुरुका १५ दिनको मोडल तयार भएको छ। 'पर्यावरण र समुदाय संस्थान' ले सामान्य मोडल मात्र तयार गरेको हो। इजरायल र अमेरिकाले गरेको यो आपराधिक युद्धका कारण पहिलो १५ दिनमा मात्र ५० लाख टन कार्बन डाइअक्साइड उत्सर्जन भएको छ। यो भनेको आइसल्यान्डजस्तो देशले वर्षभरि गर्ने कार्बन उत्सर्जन हो। युद्धमा ध्वस्त भएका घर, भवन, आगजनी भएको इन्धन, लडाइँमा खपत भएको इन्धन, उपकरण-मिसाइल-ड्रोन आदिमा प्रयोग भएको कार्बन आदिको हिसाब गरी माथिको आँकडा निकालिएको थियो।

अब अलि विस्तृत चर्चा गरौँ। अमेरिकाको लकहीड मार्टिन कम्पनीले बनाएको एफ-३५ युद्धविमानले डेढ-दुई घण्टाको लडाइँमा झण्डै ५६ देखि ६५ सय लिटरसम्म इन्धन खान्छ। यसबिच उसले करिब १४-१७ टन कार्बन उत्सर्जन गर्छ। एउटा सामान्य यात्रुवाहक गाडीले आफ्नो जीवनभरि लगाएर मात्र यति कार्बन उत्सर्जन गर्छ। लकहीड मार्टिनले आफै स्वीकार गरेको छ – सन् २०२४ को वर्षभरि उसले बेचेका एफ-३५ युद्धविमानहरूले १४ करिब १४० लाख टन कार्बन उत्सर्जन गरेका थिए।

'पर्यावरण र समुदाय संस्थान' ले प्रकाशित गरेको रिपोर्टअनुसार युद्ध लम्बिँदै गयो भने कार्बन उत्सर्जन तीव्रतर हुनेछ। रिपोर्टमा तीन कारण उल्लेख छन्। तर, यसमा व्यावसायिक उड्डयनको कुरा छैन। पहिलो कारण – अमेरिकी र इजरायली हतियारखाना घट्दै छ। नयाँ हतियार निर्माण गर्दा र तिनलाई युद्धस्थलसम्म ढुवानी गर्दा थप कार्बन उत्सर्जन हुनेछ। दोस्रो कारण – युद्धस्थलमा भएका तेलसम्बन्धी पूर्वाधारहरूमाथि हमला गर्दा नियन्त्रण नै गर्न नसकिने गरी जीवाश्म इन्धनबाट कार्बन उत्सर्जन हुनेछ। खाडी युद्ध (सन् १९९०-९१) को बेला यस्तै दृश्य देखिएको थियो। तेस्रो कारण – मध्यपूर्वमा आआफ्ना स्वार्थहरूको रक्षा गर्नका लागि फ्रान्स र बेलायतजस्ता अन्य देशले तैनाथ गर्ने थप जलबेडाले पनि कार्बन उत्सर्जन बढाउनेछ। त्यसलाई 'रक्षात्मक' भनिएला तर कार्बन उत्सर्जन त हुने नै भयो।

कुरा यत्तिमै टुङ्गिन्न। अमेरिकाको ट्रम्प सरकार 'ऊर्जामा बर्चस्व' हासिल गर्न लालायित छ। ऊर्जा सुरक्षाको कारण देखाएर उसले झन् बढी जीवाश्म इन्धनको उत्पादन गर्नेछ। युद्धपछि हुने पुनर्निर्माणको काममा पनि कार्बन उत्सर्जन बढ्नेछ। रिपोर्ट भन्छ – 'युद्धको प्रभाव परेका साइप्रसदेखि अजरबैजानसम्म १४ देशमा पूर्वाधार निर्माण गर्नु पर्नेछ। घर, सडक, अस्पताल, विद्यालय, यातायत र तेलसँग सम्बन्धित पूर्वाधार निर्माण गर्नु निकै महँगो हुनेछ। तर, साथमा अचाक्ली कार्बन उत्सर्जन पनि हुनेछ।' युद्धपछि गाजा र लेबननको पुनर्निर्माण गर्दा कार्बन उत्सर्जन हुनेछ। यसको हिसाब निकाल्दै रिपोर्ट भन्छ – युद्धमा जति कार्बन उत्सर्जन भएको छ, त्यसको कम्तीमा २४ गुणा बढी पुनर्निर्माणबाट उत्सर्जन हुनेछ।

इरान युद्ध मात्र होइन, यसअघिका द्वन्द्वमा भएको उत्सर्जनको आँकडा पनि डरलाग्दो छ। गाजामा इजरायलले आक्रमण गर्दा पहिलो १५ महिनामा भएको कार्बन उत्सर्जनको तथ्याङ्क गत अप्रिलमा प्रकाशित भयो। संसारका ३६ देशले गर्ने वार्षिक उत्सर्जन गाजा युद्धमा १५ महिनामा भयो। हमासका सुरुङ र इजरायलको पर्खालमा भएको कार्बन उत्सर्जनलाई पनि हिसाब लगाउने हो भने संसारका सबैभन्दा कम उत्सर्जन गर्ने ४१ देशले वर्षभरि गर्ने कार्बन उत्सर्जन गाजा युद्धमा भयो। सो तथ्यांक अनुसार वर्तमान युद्ध र भविष्यको पुनर्निर्माणमा ३ करोड २२ लाख ७५ हजार ८९ टन कार्बन डाइअक्साइड उत्सर्जन हुन्छ। यो भनेको संसारका १०२ देशको वार्षिक उत्सर्जनभन्दा बढी हो।



खुलेर भन्ने हो भने इरान युद्धले एउटा सन्देश दिएको छ। जीवाश्म इन्धनमाथि लगातार निर्भर हुँदा वातावरणमा क्षति पुग्नुका साथै देशको सुरक्षा पनि खतरामा पर्दै छ। संयुक्त राष्ट्रसङ्घका एक वातावरण अधिकारी हुन् – सिमोन स्टाइल। उनले भने, "जीवाश्म इन्धनमाथिको निर्भरताले देशको सुरक्षा र सार्वभौमिकता च्यातचुप पार्दै छ र त्यसको ठाउँमा लागत र परनिर्भरता बढाउँदै छ।" यसकारण, जोडतोडका साथ नवीकरणीय ऊर्जाका स्रोततर्फ लाग्नुपर्छ। युरोपका नीति निर्माताहरूतिर औँल्याउँदै स्टाइलले भने, "जीवाश्म इन्धनको आयातमाथि भर पर्दा युरोप सधैँ एउटा सङ्कटदेखि अर्को सङ्कटमा धकेलिरहनेछ। (नवीकरणीय ऊर्जाले) स्थिति फेरिन सक्छ। घामलाई (हर्मुज जस्ता) साँघुरा जहाजी नाकाहरूले छेक्न सक्दैन।"

फ्लोरिडास्थित 'ऊर्जाबारे पुनः सोचौँ' नामक संस्थाका ब्रायन ली यस विषयमा एकदम गम्भीर छन्। उनले भने, "ऊर्जा सुरक्षा भनेको जलवायु सुरक्षा हो।" यो नयाँ विचार भने होइन। यसरी गम्भीर नीति निर्माण गर्दा नवीकरणीय ऊर्जाको विकासलाई वातावरणीयभन्दा पनि देशको सुरक्षाका आँखाले हेर्नुपर्ने हुन्छ। ब्रायन लीले भने, "यसो गर्दा समुद्री सतह बढ्दा समेत (अमेरिकाका) तटवर्ती अर्थतन्त्रहरूले थेग्न सक्नेछन्। वातावरणसम्बन्धी पेरिस सम्झौताले तोकेको १.५ डिग्री सेन्टिग्रेड तापमान वृद्धिको सीमाभित्र बस्न सकिनेछ।"

युद्धको एउटा खराब बानी हुन्छ। युद्धले मूल मुद्दालाई किनार लगाइदिन्छ। तिनको ठाउँ हिंस्रक पागलपनले लिन्छ। युद्धको बेला पागलपन एक निरस र सामान्य नियति बन्छ। टड्कारा विषयहरू अलपत्र पर्छन्। जब शान्ति छाउँछ, यी अलपत्र परेका मुद्दाहरूले बदला लिन्छन्। जलवायु परिवर्तन एक यस्तै मुद्दा हो। यसले बदला लिनेछ र मानव जातिले गम्भीर परिणाम भोग्नुपर्नेछ।

*(लेखक क्याम्ब्रिजको सेल्विन कलेजमा कार्यरत विद्वान हुन्। अध्यापनका साथै उनी अध्ययन अनुसन्धानमा सक्रिय छन्।*
*स्रोत : ग्लोबल रिसर्च। सम्यक)*

# ऊर्जा सङ्कटले प्रेरित गर्नुपर्छ हरित क्रान्तिलाई

✍ मारियाना माजुकाटो

इरानविरुद्धको अमेरिका-इजरायल युद्धले अहिले सम्पूर्ण मध्यपूर्व अस्थिर बनेको छ। ठुलो मानवीय र वातावरणीय क्षति पुऱ्याउँदै भइरहेको युद्धले हालसम्मकै सबैभन्दा ठुलोमध्ये एक तेलको मूल्यमा उतारचढाव निम्त्याएको छ। यसको प्रभाव विश्वव्यापी सेयर बजारमा पनि महसुस गरिएको छ। महँगीले सरकारको ऋण लागत बढ्दै जाँदा, नीति-निर्माताले अब अहिलेको ऊर्जा सङ्कटको प्रभाव अल्पकालीन नहुने बुझ्नुपर्छ। भूराजनीतिक उथलपुथलको यो युगमा अब कुनै पनि आर्थिक दिगोपनका लागि उसले ऊर्जाको प्रकार बदल्न मात्र ध्यान नदिई कसरी, कहाँ र कसले उत्पादन गर्छ भन्ने कुरा पनि बदल्न आवश्यक छ।

हरियो औद्योगिक रणनीति र रणनीतिक सार्वजनिक लगानीलाई समर्थन गर्ने बृहत् अर्थशास्त्रीय आर्थिक ढाँचा अवलम्बन गरेर सरकारहरूले एकसाथ जीवनस्तर र आर्थिक दिगोपन सुनिश्चित गर्न सक्छन्। ठुला आर्थिक लक्ष्य अगाडि बढाउने हो भने आमपरिवार र व्यवसायमाथि पर्ने बढ्दो लागतको प्रभाव कम गर्ने गरी तत्काल कदम चाल्नुपर्छ। यस क्रममा ल्याइने कुनै पनि नीतिले खनिज इन्धन क्षेत्रको नाफा बढाउन ध्यान दियो भने यसलाई असफलता मान्नुपर्छ। खासमा यो नयाँ दृष्टिकोणको समय हो।

भूराजनीतिक द्वन्द्वले ऊर्जा महँगिने र त्यसले मुद्रास्फीतिमा झट्का लाग्ने क्रम बढ्न थालेको छ। इरानले गत वर्ष जून महिनामा भएको १२ दिने युद्धकै समयमा 'स्ट्रेट अफ हर्मुज' बन्द गर्ने धम्की दिएको थियो। उसले त्यो वाचा अहिले कार्यान्वयन गरेको छ। यसले गर्दा सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि पहिलोपटक तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ।

चार वर्षअघि रुसी युद्धपछि प्राकृतिक ग्यासमाथिको भारी निर्भरता र भण्डारण क्षमताको सीमितताका कारण पश्चिमी युरोपका अन्य देशभन्दा बढी बेलायत प्रभावित भएको थियो। ब्रिटिस ऊर्जामन्त्री एड मिलिब्यान्डले बिजुली ग्रिडलाई 'डिकार्बोनाइज' गर्ने उद्देश्यले ल्याएको 'क्लिन पावर' अभियानमा केही प्रगतिका बाबजुद बेलायतमा ग्यासको मूल्य र कुल बिजुलीको मूल्यबिचको सम्बन्ध तोडिएको छैन। यसैले इरानसँगको युद्ध सुरु भएदेखि नै बेलायतमा थोक ऊर्जाको मूल्य लगभग ५० प्रतिशतले बढिसकेको छ। यही उदाहरणलाई हेरेर पनि विकसित अर्थतन्त्रले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई अनुसरण गरी जीवाश्म इन्धनमा आफ्नो निर्भरता बढाउनु गल्ती हुनेछ। खनिज इन्धनमाथिको उच्च दबाबले नै समय-समयमा ऊर्जा मूल्यमा अस्थिरता बढाउने गररेको छ। यो इन्धन सैन्य दबाबको उपकरणको रूपमा प्रयोग हुने उच्च सम्भावना भएको वस्तु बनेको छ।

यदि हाम्रो बिजुली आपूर्ति सफा, घरेलु स्रोतबाट आयो भने मात्र बेलायत र अन्य सबै अर्थतन्त्र बढी सुरक्षित हुनेछन्। तर, यो लक्ष्य प्राप्त गर्न सरकारभित्रका आवास, यातायात, विज्ञान तथा प्रविधि र वित्त समेट्ने मन्त्रालयले मिलेर काम गर्नुपर्छ। सरकारले मिसनका रूपमा यी सबै सान्दर्भिक मन्त्रालयका लागि महत्त्वाकाङ्क्षी लक्ष्य तोक्नुपर्छ, जसले मात्र आवश्यक अन्तर-क्षेत्रगत लगानी परिचालन गराउन सक्छ। अहिलेको ऊर्जा सङ्कटले सबैजसो देशमा जीवनयापनको लागत बढ्दै गएको छ।

यसबाहेक, सन् २०२२-२३ मा कर्पोरेट नाफा मुद्रास्फीतिको एक प्रमुख स्रोत रहेको प्रशस्त प्रमाण भेटिएका छन्। जुन ऊर्जा सङ्कटका बेला ऊर्जा कम्पनीले अतिरिक्त नाफा कमाउन सक्षम बनेकाले भएको हो, तिनको उत्पादकत्व बढेका कारणले होइन। सरकारको उचित भूमिका यहींनेर आउँछ। अर्थात्, उसले अहिलेको सङ्कटले सानो हिस्सालाई ठुलो फाइदा गरेर समाजको ठुलो हिस्सालाई घाटा हुने अवस्था आउन नदिने सुनिश्चित गर्नुपर्छ। सही प्रतिक्रियामार्फत सरकारले वास्तविक आर्थिक गतिविधि र व्यापक आर्थिक रूपान्तरण प्रेरित गर्न सक्छ।

उदाहरणका लागि, बेलायती प्रधानमन्त्री केयर स्टारमर र वित्तमन्त्री रचेल रिभ्सले मूल्यवृद्धिविरुद्ध 'शून्य सहनशीलता' को नीति घोषणा गरेका छन्।

**बाँकी पृष्ठ ८ मा**

# नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व

तेह जुङ – चेन

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

१ अगस्ट १९२७ को नानचाङ विद्रोहको मितिदेखि चिनियाँ जनमुक्ति सेनाको जन्म मानिन्छ । चिनियाँ कम्युनिस्ट पार्टीले यसै दिनलाई सेनाको जन्मदिन मान्नु नानचाङ विद्रोहको उँचो मूल्याङ्कनको सूचक हो । यो एक ऐतिहासिक मोडको बिन्दु थियो । त्यहीँबाट चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ क्रान्ति नयाँ खुड्किलोमा पुगेको थियो । यसको महत्त्वलाई धेरै पहिलेदेखि नै मानिसकेको थियो ।

'युद्धका समस्या र रणनीति' भन्ने आफ्नो रचनामा कामरेड माओ त्सेतुङले लेख्नुभएको छ- "हाम्रो पार्टी युद्धको तयारीमा आफैले प्रत्यक्षरूपले हिस्सा लिनुपर्ने महत्त्वलाई बुझ्न असफल रह्यो र पार्टीले ३ या ४ वर्षको अवधिमा अर्थात् कम्युनिस्ट पार्टी स्थापना भएदेखि कोमिनताङको राष्ट्रिय महाधिवेशनसम्म सशस्त्र सेनाको सङ्गठनको महत्त्वलाई बुझ्न असफल रह्यो ।"

१९२४ देखि १९२७ को अवधि र त्यसपछि पनि यस विषयलाई ठीक ठीक बुझ्न सकिएन । तैपनि, १९२४ पछि वाङपो सैनिक संस्थामा भाग लिन सुरु गरेदेखि पार्टी एक नयाँ खुड्किलोमा भित्रियो र सैनिक कार्यको महत्त्वलाई हेर्न सुरु गर्‍यो । क्वाङतुङ प्रान्तको युद्धमा कोमिनताङलाई मद्दत गरेदेखि र उत्तरी अभियानमा भाग लिएदेखि पार्टीले केही सशस्त्र शक्तिमाथि नेतृत्व प्राप्त गर्‍यो । अनि क्रान्तिको असफलताबाट तीतो शिक्षा पाएर पार्टीले नानचाङ विद्रोहको सङ्गठन गर्‍यो, शरद्को बाली काट्ने विद्रोह र क्यान्टन विद्रोहको सङ्गठन गर्‍यो र लालसेना स्थापना गर्ने एक नयाँ अवधिमा पार्टी भित्रियो । हाम्रो पार्टीले सेनाको महत्त्वलाई राम्रोसँग बुझ्ने ठाउँमा पुगेको त्यो अप्ठ्यारो अवधि थियो ।'

कामरेड माओ त्सेतुङको यस हरफबाट नानचाङ विद्रोहको महत्त्वलाई सबभन्दा ऐतिहासिक सारको रूपमा लिइएको प्रस्टिन्छ ।

विद्रोहको यस अवसरमा ठूलो उथलपुथल भइरहेको भए पनि चीनको सामाजिक व्यवस्था अर्ध औपनिवेशिक र अर्धसामन्ती रूपमै थियो । तर, गम्भीर परिवर्तनहरू भइरहेको थियो जो क्रान्तिको अनुकूल पक्षमा थिएन । साम्राज्यवादी र घरेलु प्रतिक्रियावादीहरू आपसमा सम्बन्धित थिए, तिनीहरू दुवै चिनियाँ जनताका शत्रु थिए । तिनीहरू क्रान्तिकारी शक्ति र जनतालाई हमला गर्न नयाँ नयाँ सम्झौताहरू गरिरहेका थिए । उत्तरी अभियानले ठुलठुला विजयहरू पाइरहेका थिए र त्यसका सेनाहरूलाई उहानका जनताले स्वागत गर्न सुरु गरेका थिए । तर, बेलायत, जापान र संरा अमेरिकी साम्राज्यवादले चीनमा आफ्नो सेनाको ठुलो सङ्ख्यामा पल्टन बढाउँदै थिए । बेलायतको दोस्रो जहाजी बेडाको २७ वटा तोपे जहाजहरू र पनडुब्बीलाई हान्ने जहाजहरू वईहोईवईमा राखिएको थियो । तिनीहरू दक्षिणमा हिँड्न थाले र साङ्घाई नाघेर याङसी नदीको बाटो लिन लागेका थिए । तिनीहरूले नानकिङमा बम खसालेर चिनियाँ क्रान्तिमा हस्तक्षेप गरे ।

चीनका नयाँ र पुराना दुवै सरकारहरू आफ्ना छलकपट पनि गर्दै थिए । नानकिङमा बेलायतको बमबारीको विरोधमा मजदुर किसान, साहुमहाजन, विद्यार्थी, सिपाहीँहरूको 'बेलायतविरोधी मोर्चा' ले चुङकङमा आयोजना गरेको जुलुस प्रदर्शनमा सिचुवानको युद्ध सरदार ल्यू सिंगले ठुलो सङ्ख्यामा जनतालाई हत्या गयो । पछि ल्यू सिङकै सदरमुकामबाट खबर चुह्यो कि त्यो हत्याकाण्ड च्याङ काइ सेकले गराएका थिए ।

त्यस स्थितिले स्पष्ट देखायो कि साम्राज्यवादीहरूले चीनजस्तो अर्ध-औपनिवेशिक र अर्धसामन्ती देशलाई नियन्त्रण गरेसम्म कुनै पनि देश स्वतन्त्र हुनसक्दैन । देशभित्रका प्रतिक्रियावादी शक्तिहरूले दबाई राखेसम्म त्यस देशका जनताले पनि प्रजातान्त्रिक अधिकारहरू पाउने छैनन् । चिनियाँ जनताले सशस्त्र प्रतिक्रान्तिको विरोधमा क्रान्तिकारी सशस्त्र सङ्घर्ष गर्नुपर्थ्यो । तिनीहरूलाई पनि क्रान्तिको फललाई क्रान्तिविरोधीको चोरीबाट जोगाउन सशस्त्र शक्तिकै आवश्यक थियो ।

कामरेड माओ त्सेतुङले 'चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिस्ट पार्टी' भन्ने रचनामा भन्नुभयो - "मुख्य उपाय अथवा चिनियाँ क्रान्तिको मुख्य रूप सशस्त्र सङ्घर्ष हुनुपर्छ, शान्तिपूर्ण होइन ।" असङ्ख्य चर्को सङ्घर्षहरूको अनुभवबाट प्राप्त गरेको यो फेर्नै नसकिने निष्कर्ष हो ।

नानचाङ विद्रोहभन्दा पहिले सबै ठाउँमा मजदुर र किसानहरूका क्रान्तिकारी जनताले तिनीहरूको आफ्नै सशस्त्र शक्ति हुनुपर्छ भनेर माग गरेका थिए । तिनीहरू मजदुर सङ्घ र किसान सङ्गठनहरूसँग बन्दुक र हातेबमहरू माग्थे । तिनीहरू आफैले आफ्ना सशस्त्र मजदुरहरूका दल र किसानहरूका आत्मरक्षा दलहरू बनाउन थाले । त्यस्ता निर्दयी शत्रुहरूसँग जुझ्न तिनीहरूको आफ्नै सशस्त्र शक्ति नभइकन प्रजातान्त्रिक अधिकारहरू पाउँदैनन् भन्ने कुरा बुझे ।

पार्टीले विस्तारै प्रत्यक्ष सशस्त्र सङ्घर्ष र सशस्त्र शक्तिको सङ्गठनको तयारीको महत्त्व बुझ्न थाले । तैपनि, यस कुराको जानकारी अझै त्यति गहिरो थिएन, दाँजेर हेर्दा पहिलेभन्दा जरुरै राम्रो थियो । नानचाङ विद्रोहको एक मुख्य भाग कामरेड येह तिङको सेना दल थियो । त्यो सेना दल राष्ट्रिय क्रान्तिकारी सेनाको चौथो सेनाको मातहतमा कम्युनिस्ट र क्रान्तिकारी युवकहरूको एक स्वतन्त्र पल्टन थियो । पछि त्यसलाई विभिन्न दलहरूमा विभाजित गर्‍यो । उत्तरी अभियानको बेला त्यस दलले मुख्य अघिल्लो सेनाको रूपमा लडेको थियो । हुनानभित्र पस्नेहरूमध्ये तिनीहरू पहिला थिए र तिनीहरूले बाटोमा पर्ने सबै शत्रुहरूलाई हराए, अनि हुपे प्रान्तको उछाङ सहर कब्जा गरे । त्यस दलले 'फलामे सेना' को नाम कमाएको थियो ।


महान् क्रान्तिको (महान् क्रान्तिको अर्थ यहाँ १९२४ -२७ को पहिलो क्रान्तिकारी गृहयुद्धको अवधि हो) पूरा अवधिको सिलसिलामा भन्ने हो भने हामी कम्युनिस्टहरूले सैनिक र राजनैतिक कार्यमा मुख्य अग्रदलको रूपमा काम गरेका थिए । सहयोगको निम्ति कोमिनताङलाई पुन: सङ्गठन गर्ने कम्युनिस्ट पार्टीको राजनैतिक प्रस्ताव स्वीकार गरिसकेपछि तुरुन्तै सन यातसेनले चिनियाँ कम्युनिस्ट पार्टी र सोभियत सङ्घको मद्दतबाट राष्ट्रिय क्रान्तिकारी सेना र ह्वाम्पो सैनिक संस्थान स्थापना गरे । हामी कम्युनिस्टहरूले सेना र संस्थान दुवैमा गाह्रो गाह्रो काम गर्‍यौँ । क्वानतुङको युद्ध सरदार चेन च्युङ मिङको विरोधमा क्वाङतुङ क्रान्तिकारी आधारलाई बलियो पार्न स्थानीय युद्ध सरदार याङ सी मिन र ल्यु चेन- हुनको विद्रोह दबाउँदा १९२५ फेब्रुअरी र अक्टोबरमा राष्ट्रिय क्रान्तिकारी सेनाले चलाएको दुवै 'पूर्वका आन्दोलनहरू' मा कम्युनिस्टहरू नै मुख्यशक्ति थिए ।

१९२६-२७ मा साम्राज्यवादी र सामन्तवादविरोधी उत्तरी अभियान चलाउन कम्युनिस्ट पार्टीले कोमिनताङलाई प्रेरित गरेको थियो र त्यसलाई पूर्ण समर्थन दिएको थियो । हाम्रो पार्टीले विभिन्न प्रान्तहरूमा र खास गरेर हुनान, हुपेह र क्याङसीमा सेनालाई समर्थन गर्न मजदुर र किसानहरूलाई सङ्गठित गर्‍यो र अभियानसँगको सहयोगमा चर्को क्रान्तिकारी आन्दोलनलाई विकास गर्‍यो । सेना र प्रान्तहरू दुवैमा हाम्रा क्रान्तिकारी कामरेडहरूले के देखाइदिएका थिए भने तिनीहरू न कठिनाइदेखि डराउँथे न त मृत्युदेखि डराउँथे । तिनीहरू लडाकु ढङ्गले लडे र त्यसले मोती नदीदेखि याङसी नदीसम्मका शत्रुहरूलाई उत्तरी अभियानले हराउन सम्भव बनायो र ६ महिनाभित्र हुनान प्रान्तमा भित्रिन सम्भव बनायो । देशभरमा जनताको पूर्ण विजय निश्चित छ भन्ने बुझे । तर, कुरा आशा गरेको भन्दा ठीक उल्टो ढङ्गले विकास भयो ।

कम्युनिस्ट पार्टीसँग सहयोग गरेदेखि नै अरूको खर्चमा नाफा खाने वर्गीय स्वभावअनुसारै पुँजीपतिवर्गले फुटको निम्ति तयारी गर्दै थियो । तिनीहरूले आफ्नो अभिप्राय: लुकाएका थिए । हामीसँग अनुभव थिएन र हामी मूर्ख बनाइयौँ । उत्तरी अभियान सुरु हुनासाथै च्याङ काइ सेकले प्रतिनिधित्व गरेको कोमिनताङको प्रतिक्रियावादी पक्ष धेरै बलियो नभएको हुनाले तिनीहरूले कम्युनिस्ट पार्टी र मजदुर तथा किसानहरूसँग मद्दत र समर्थन मागे । तिनीहरू हामीलाई सेनामा राजनैतिक काम गराउन चाहन्थे, लडाइँमा शत्रुका ठाउँहरूमा हान्न लगाउन चाहन्थे र जनतासँगको हाम्रो घनिष्ठ सम्बन्धलाई आफ्नो निम्ति जनशक्ति, रसद, गुप्त खबरहरू पुर्‍याउन र समस्याहरू सुझाउने साधन बनाउन चाहन्थे । छोटोमा तिनीहरू आफ्नो राजनैतिक शक्तिको निम्ति हामीलाई लडाएर छकाउन चाहन्थे । आफू बलियो भएपछि तिनीहरूले हामीलाई एकातिर लट्ठीले हिर्काएर पठाउने र अझ एकै प्रहारले हामीलाई मार्ने योजना बनाएका थिए ।

उत्तरी अभियानले एकपछि अर्को विजय पाउँदै गयो र पछि जब कोमिनताङ प्रतिक्रियावादीहरू झन्झन् बलिया भए, तिनीहरू क्रान्तिमा विश्वासघाती भइदिए र उही सामन्ती युद्ध सरदारहरूकै ठाउँ लिन पुगे, क्रान्तिले हार खायो । कोमिनताङको प्रतिक्रियावादी पक्ष कम्युनिस्टहरूको विरोधी भयो र मजदुर एवम् किसानहरूलाई आफ्नो पैतालामुनि कुल्चने प्रयास गरे । किनभने, त्यसो गर्दा दलाल पुँजीपतिवर्गको आफ्नो हुकुम लागू गर्न तिनीहरूको हात स्वतन्त्र हुन्थ्यो ।

यस्तो परिस्थितिमा पार्टी र सर्वहारावर्गले क्रान्तिको नेतृत्वलाई बलियोसित समात्नुपर्थ्यो, जनतालाई उठाउनुपर्थ्यो, मजदुर र किसानहरूलाई सशस्त्र पार्नुपर्दथ्यो, सामन्तवादलाई ध्वस्त




पार्नुपर्दथ्यो, जमिनदार र दलाल पुँजीपतिवर्गलाई उखेल्नुपर्दथ्यो र क्रान्तिलाई अन्तसम्म चलाउनुपर्दथ्यो । दुर्भाग्यवश त्यसबेला हामीले त्यसो गर्न सकेनौँ । धेरै कामरेडले पार्टीमा ठीक ठीक प्रस्तावहरू राखेका थिए । तर, त्यसबेला व्यापकरूपले व्यवहारमा लैजान सकिएन किनभने हाम्रो पार्टी चेन तु स्युको दक्षिणपन्थी अवसरवादी नीतिले धेरै थिचिएको थियो । चेन तु स्युको कोमिनताङ-कम्युनिस्ट सहयोगको संयुक्त मोर्चालाई सर्वहारावर्गको घाँटीको पासोमा फेरिदियो । ऊ विजय पाउने साहस गर्दैनथ्यो र क्रान्तिमा कसरी विजय पाउने हो भन्ने कुरा वास्तवमा उसलाई थाहा थिएन र त्यसलाई कसरी बलियो पार्नुपर्छ त्यो पनि थाहा थिएन । उठ्दो मजदुर र किसानहरूबाट ऊ डरायो । उसले भन्यो, "जनताको आन्दोलनले कोमिनताङ र कम्युनिस्ट सहयोग टुक्रिन्छ ।" सर्वहारावर्गले क्रान्तिको नेतृत्व सम्हाल्दा क्रान्तिको विजयले मजदुर र किसानहरू झन् बलिया हुनेछन् । पुँजीपतिवर्गले संयुक्त मोर्चालाई फुटाउन साहस गर्नेछैनन् भन्ने कुरा बुझ्न ऊ असफल भयो । यदि त्यसो नभएको भए तिनीहरूले त्यसलाई बिगार्ने खोजे पनि हामीले तिनीहरूको षड्यन्त्रलाई ध्वस्त पार्न सक्ने थियौँ ।

वास्तवमा चेन तु स्यूको दक्षिणपन्थी अवसरवादले क्रान्तिलाई धोखादियो । ऊ कम्युनिस्ट र मजदुर जनतालाई पुँजीपतिवर्ग र कोमिनताङको सेवा गर्ने ज्यामी हुन दिन चाहन्थ्यो र मजदुरहरूलाई क्रान्तिको नेतृत्व लिन दिन चाहँदैनथ्यो । ऊ उठ्दो मजदुर र किसानहरूलाई शक्ति र हातहतियार माग्न दिँदैनथ्यो, जग्गा बाँड्न वा जमिनदार र पुँजीपतिवर्गलाई उखेल्न चाहँदैनथ्यो । ऊ चिनियाँ क्रान्तिमा जग्गाको प्रश्नको महत्त्वलाई नकार्थ्यो, सर्वहारावर्ग र किसानहरूको बीचको मेललाई टुक्रयाउँथ्यो । उसले जमिनदार र पुँजीपतिवर्गको स्वार्थलाई माथि उठाउँथ्यो र पार्टी, मजदुरवर्ग र सबै कामदार जनतालाई पूरै निस्क्रिय र शक्तिहीन स्थितिमा राख्थ्यो । उसले किसान आन्दोलनलाई हमला गर्न र अत्याचारी जमिनदारहरूको विरोधमा सङ्घर्ष गर्ने र तिनीहरूको जग्गालाई बाँड्ने मागलाई विरोध गर्न उसले गर्न सकेको सबथोक गर्‍यो । उसले मजदुरहरूका सशस्त्र दलहरू र किसानहरूका आत्मरक्षा दलहरू भङ्ग गर्न जोड दियो । यस दक्षिणपन्थी अवसरवादी नीतिले चिनियाँ क्रान्तिलाई ध्वस्त पार्थ्यो । यसमा कुनै शङ्का छैन कि यसले च्याङ काइ-सेक र वाङ चिङ वईले प्रतिनिधित्व गरेको कोमिनताङ प्रतिक्रियावादीहरू, जमिनदार र अत्याचारीहरू एवम् दलाल पुँजीपतिवर्गलाई फाइदा पुग्थ्यो ।

चेन तु स्युको दक्षिणपन्थी अवसरवादी नीतिका हाम्रा विरामहरूले गर्दा क्रान्तिविरोधी शक्तिहरूले फाइदा उठाए । १९२७ मार्च महिनादेखि तिनीहरूले क्रान्तिकारी सेनाहरूमाथि एक लहरै पापी कामहरू गरे । ११ मार्च १९२७ को दिन च्याङ काइ-सेकले क्रान्तिकारीहरूको कब्जामा रहेको नानचाङको नगरपालिकाको कोमिनताङ समितिलाई विघटन गर्न आदेश दियो । १७ मार्चको दिन उसले 'हरियो दल' र 'रातो दल' का गुण्डाहरूलाई नगरपालिकाको कोमिनताङ समिति र छिउछयाङको राष्ट्रिय मजदुर सङ्घका अफिसरहरूलाई घेरा हाल्न र आक्रमण गर्न उत्तेजित गर्‍यो र ती दुई सङ्गठनहरू कब्जा गर्न सेना पठायो । ६ अप्रिलको दिन च्याङ र वाङ चिङ वईले एक गुप्त बैठकमा कम्युनिस्ट पार्टीका सबै गतिविधि बन्द गर्ने सम्झौता गरे । १२ अप्रिलको दिन साङ्घाई हत्याकाण्ड गरेर च्याङ काइ सेक क्रान्तिको विश्वासघातीको रूपमा उदाङ्गियो । २५ अप्रिलको दिन उसले उत्तरी आनव्हेबाट उहान कब्जा गर्न सेना पठायो । १७ मईको दिन उहान सरकारको एक क्षेत्रीय कमान्डरले च्याङको पक्ष लिएपछि उहान सरकारको अस्तित्व खतरामा पर्‍यो । २१ मईको दिन, स केह श्याङ भन्ने कोमिनताङ प्रतिक्रियावादीहरूका पक्ष सू लिने चाङसा किल्लाको पल्टनको कमान्डरले राष्ट्रिय मजदुर सङ्घ र हुनान किसान सङ्गठनहरूको कार्यालयहरूलाई घेरा दियो र धेरै मजदुर र किसानहरूको हत्या गर्‍यो ।

सिया तीन-इनको सेना उचाङ पुग्दा येह तिङको सेना, केन्द्रीय सैनिक र राजनैतिक संस्थानको उहान शाखाका सैनिक छात्रहरूबाट ध्वस्त पारियो । तर, त्यसले साह्रै खराब भइसकेको स्थितिलाई राम्रो भने गर्न सकेन । १५ जुलाईको दिन उहानको कोमिनताङ प्रतिक्रियावादीहरूको मुख्य वाङ चिङ वईले आफूलाई क्रान्तिको विरोधमा देखायो । ठूलो सङ्ख्यामा कम्युनिस्टहरू र अरू क्रान्तिकारीहरूलाई गिरफ्तार गर्‍यो र हत्या गर्‍यो । यसरी महान क्रान्ति हारमा टुङ्गियो । घटनाहरूबाट चेन तु स्यूको दक्षिणपन्थी अवसरवादी नीतिले खतरालाई बढाइरहेको देखायो र धेरै कामरेडहरूले त्यसलाई छोड्ने निर्णय गरे ।

पार्टीले च्याङ र वाङको क्रान्तिमाथि गरेको विश्वासघातलाई नानचाङ विद्रोहबाट प्रत्याक्रमण गर्ने निधो गर्‍यो । विद्रोहलाई सङ्गठन गर्न र त्यसको नेतृत्व गर्न बनेको मोर्चा समितिको सचिवमा पार्टीबाट चाउ एन लाइ नियुक्त गरियो ।

केही सशस्त्र शक्ति पार्टीको नियन्त्रणमा पहिलेदेखि नै थियो । छिउछयाङमा कामरेड येह तिङको दोस्रो मोर्चा सेनाको ११ औँ पल्टनको २४ औँ दल, नानचाङ छिउछयाङ रेल बाटोमा रहेको माहौल्याङ स्टेसनमा रहेको चौथो सेनाको २५ औँ दल, उत्तरी अभियानमा गजबसित काम गर्ने हो लुङको २० औँ पल्टन जो पूर्वी हुपेह प्रान्तबाट छिउछयाङ आइपुगेकै थियो, कामरेड चु तेहको मातहतमा नानचाङको अफिसरहरूको तालिम पल्टन, लुतेह-मिङ र अरू कामरेडहरूले नेतृत्व गरेको उचाङमा रहेको राष्ट्रिय सरकारको रक्षा दल र केन्द्रीय सैनिक र राजनैतिक एकेडेमीको उहान शाखा तिनीहरूमध्येका थिए ।

नानचाङमा शत्रुको बलियो शक्ति थिएन । क्याङसीमा कोमिनताङ प्रतिक्रियावादीहरूको नाइके चु-पै-तेह लुशान पहाडमा आराम गरिरहेका थिए । तेस्रो सेना र नवौँ सेना चि-आन र चिस्यान जिल्लामा अड्डा गरी बसेका थिए । नानचाङमा ६ हजार जतिको पाँच पल्टन मात्रै थिए । हामीले विद्रोह सफल हुनसक्छ भन्ने हिसाब लगायौँ र सङ्घर्षको योजना बनायौँ ।

तर, दक्षिणपन्थी अवसरवादी चार काओ ताओले पार्टी केन्द्रीय समितिको प्रतिनिधिको हैसियतले विद्रोहलाई रोक्ने कोसिस गर्‍यो । पार्टी मोर्चा समितिलाई उसले 'विद्रोह गर्न विवेकी होऊ' भनेर दुईटा तार पठायो । विद्रोह गर्न कोमिनताङको युद्ध सरदार चाङ फा खेको अनुमोदन चाहिन्छ भनेर उसले बल गर्‍यो । कामरेड चाउ एन लाइ र पार्टी मोर्चा समितिका अरू सदस्यहरू चाङ काओ ताओको नीतिसँग सङ्घर्ष गर्नुभयो र अन्तमा उसको योजनाले हार खायो ।

पहिलो बन्दुक १ अगस्ट १९२७ रातको १ बजे पड्केको थियो । कामरेड चाउ एन लाइ, हो लुङ, येह तिङ, चु तेह र ल्यु-पो चेङको मातहतमा हामीसँग ३० हजार सेना थियो । राम्रोसँग विचार गरिएको योजना र आक्रमणको छिटोपनाले ५ घण्टाभित्रै कुरा टुङ्ग्याउन हामीलाई सम्भव भयो ।

नानकिङ, उहान र क्यान्टनका क्रान्तिविरोधी शक्तिलाई यो एक मुक्का थियो । तिनीहरूले तुरुन्तै घेरा हाल्न र विद्रोहमाथि धावा बोल्न एकआपसमा सहयोग गरे ।

हामीहरू निर्बलिया थिएनौँ र भौतिक परिस्थिति हाम्रो पक्षमा थियो । क्यासी, हुपेह र खास गरेर हुनानमा किसान आन्दोलन चर्कोसित विकास भएको थियो र किसानहरूलाई क्रान्तिकारी सशस्त्र सेनाको समर्थनको आवश्यकता थियो । यदि हामीले हाम्रो सेनालाई नानचाङ इलाकामा छरेका भए, यदि हामीले आफूलाई तीन प्रान्तको जनआन्दोलनसँग एक गरेका भए र सङ्गठित भएका भए, जनतालाई सशस्त्र पारेका भए र तिनीहरूकै भर परेका भए हामीले किसान क्रान्तिलाई अगाडि बढाउन सक्ने थियौँ, गुरिल्ला युद्ध सुरु गर्न र क्रान्तिकारी सङ्घर्षलाई अगाडि बढाउन आधार इलाका स्थापना गर्न सक्ने थियौँ ।

तर, हामीले क्रान्तिकारी आधार बनाउने कुरो बुझ्न सकेनौँ । त्यसको सट्टा हामीले हाम्रो सेनामा मिल्न फेरि क्वाङवुङ फर्कने योजना बनायौँ, बन्दरगाहबाट अन्तर्राष्ट्रिय मद्दत पाउन र अनि उत्तरतिर अर्को अभियान सुरु गर्ने योजना बनायौँ । हामीहरूले पूरै सैनिक सङ्घर्षको ढङ्गमा सोचेका थियौँ । ५ अगस्टमा विद्रोही सेनाले नानचाङ छोड्यो । क्वाङतुङ प्रान्तको चावचो र स्वाटो पुग्दा हामीहरू हराइयौँ ।

पछि बाँकी रहेका सेना क्याक्सी प्रान्त चिकाङ पहाड पुग्यो र १९२७ सेप्टेम्बर हुनान-क्याङसी सीमामा कामरेड माओ त्सेतुङले नेतृत्व गर्नुभएको शरद् बाली काट्ने विद्रोहबाट आएको सेनासँग मिल्न पुग्यो । यी दुई सेना 'मजदुर र किसानहरूको लालसेनाको चौथो पल्टनमा पुनर्सङ्गठित भए, त्यो पल्टनपछि केन्द्रीय लालसेना' को पहिलो सेनादल बन्यो ।

चिनियाँ क्रान्तिको इतिहासमा नानचाङ विद्रोहको ठूलो महत्त्व थियो । त्यसले कोमिनताङ प्रतिक्रियावादीहरूलाई पहिलो गोली हानेको थियो । अन्तमा, असफल भए पनि यो ठीक दिशातिरको एक पाइलो थियो । हामीले त्यसबाट धेरै अनुभव पायौँ र यसबाट सशस्त्र सङ्घर्षबारे धेरै शिक्षाहरू लिन सक्छौँ । यसले गर्दा हाम्रो पार्टी पुँजीवादी प्रतिक्रियावादीहरूसँग टुक्रियौँ र चेन तु स्यूको दक्षिणपन्थी अवसरवादी नीतिलाई त्यागी दियो र पहिलोचोटि चिनियाँ क्रान्तिको नेतृत्व हासिल गर्‍यौँ । कम्युनिस्ट पार्टीको नेतृत्वमा मजदुर, किसान र अरू कामदार जनता र क्रान्तिकारी बुद्धिजीवीहरूले सशस्त्र प्रतिक्रान्तिलाई आफ्नो सशस्त्र क्रान्तिबाट दृढतापूर्वक विरोध गर्न सुरु गरे । यसरी चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ जनताको क्रान्तिकारी युद्धको इतिहासको नयाँ पाना सुरु भयो ।

***चाइना रिकन्स्ट्रक्स***
***अगस्ट १९७७***
***- 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' बाट***



मध्य गाजापट्टीस्थित गाजासहरमा अवस्थित रेडक्रस सोसाइटीको मुख्यालयअगाडि इजरायली संसदले प्यालेस्टिनीहरूलाई मृत्युदण्ड दिनसक्ने गरी पारित गरेको कानुनको विरोधमा प्रदर्शन गर्दै इजरायली जेलमा बन्दी रहेका प्यालेस्टिनीका परिवार र आफन्तहरू मार्च ३१, २०२६ का दिन । इजरायलको उक्त कानुनले इजरायली सुरक्षा बलसित कुनै पनि तवरमा सङ्घर्ष गर्ने प्यालेस्टिनीहरूलाई मृत्युदण्डको सजाय हुने सम्भावना बढेको छ ।

*तस्बिर : एपी/जेहद अल्स्राफी*

# मध्यपूर्व युद्ध बहुआयामिक र थप जटिल बन्दै

पेरिस, ३१ मार्च (एएफपी) । मध्यपूर्वमा फैलिएको युद्ध बहुआयामिक र थप जटिल बन्दै गएको छ । इजरायल, इरान र तिनका सहयोगी शक्तिहरूबिचको प्रत्यक्ष तथा अप्रत्यक्ष भिडन्तले क्षेत्रीय सुरक्षालाई गम्भीर चुनौती दिएको छ ।

दक्षिणी लेबनानमा जारी सङ्घर्षका क्रममा इजरायली सेनाले चार सैनिक गुमाएको जनाएको छ । ती सैनिकहरू एउटै बटालियनका रहेको र भिडन्तका क्रममा मृत्यु भएको सैन्य वक्तव्यमा उल्लेख छ । यस घटनामा अन्य सैनिकहरू घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर रहेको बताइएको छ । उक्त क्षेत्रमा इजरायली सेना इरानसमर्थित हिजबुल्लाहसँग निरन्तर भिडन्तमा संलग्न छ ।

यसैबिच, इरानबाट प्रहार गरिएका क्षेप्यास्त्रहरूलाई इजरायली हवाई प्रतिरक्षा प्रणालीमार्फत अवरोध गर्न नसकेपछि तेल अभिवलगायत विभिन्न सहरमा ठुलो विस्फोट भएका छन् । जेरुसेलममा कम्तीमा १० वटा विस्फोटको आवाज सुनिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । ती क्षेप्यास्त्रहरू इरानबाट प्रक्षेपण गरिएको पुष्टि गरिएको छ ।

उता तेहरानमा पनि विस्फोटको आवाज सुनिएको र केही क्षेत्रमा विद्युत् आपूर्ति अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् । केही समयपछि प्रभावित क्षेत्रमा पुन: बिजुली आपूर्ति सुरु गरिएको बताइएको छ ।

युद्धको दायरा इराकसम्म फैलिएको सङ्केत देखिएको छ । पपुलार मोबिलाइजेसन फोर्सेज (पिएमएफ) ले अमेरिका-इजरायल संयुक्त हवाई आक्रमणबाट आफ्ना दुई सैन्य अड्डा लक्षित भएको दाबी गरेको छ । बाबिल र अनबर प्रान्तमा भएका ती आक्रमणमा भने तत्काल कुनै हताहतको विवरण प्राप्त भएको छैन ।

यसै क्रममा दुबई बन्दरगाहमा कुवेती तेल ट्याङ्करमा आगलागी भएको छ । कुवेतको सरकारी तेल कम्पनीका अनुसार उक्त ट्याङ्करमाथि इरानबाट प्रत्यक्ष आक्रमण गरिएको थियो, यद्यपि इरानी पूर्व चेतावनीका कारण मानवीय क्षति भने भएको छैन । साथै, हवाई प्रतिरक्षा प्रणालीबाट खसेका भग्नावशेषका कारण सहरमा अन्य आगलागी हुँदा चार जना घाइते भएका छन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले युद्धले आफ्ना आधाभन्दा बढी रणनीतिक लक्ष्य हासिल गरिसकेको दाबी गरे, तर यसको अन्त्य कहिले हुने भन्नेबारे उनले कुनै निश्चित समयसीमा दिन सकेनन् ।

संयुक्त राष्ट्रसङ्घको अन्तरिम बल (युनिफिल) ले लेबनानको दक्षिणी क्षेत्रमा भएको विस्फोटमा दुई शान्ति सैनिक मारिएको पुष्टि गरेको छ । सो घटनामा अन्य दुई घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर छ ।

बगदादस्थित अमेरिकी दूतावासलाई लक्षित गरी गरिएको ड्रोन आक्रमणका क्रममा छर्रा नजिकै खस्दा एक सर्वसाधारण घाइते भएका छन् ।

यता, होर्मुज जलडमरूमा आवतजावत गर्ने जहाजहरूबाट शुल्क उठाउने योजना इरानको संसदीय आयोगले अनुमोदन गरेको छ । ऊर्जा आपूर्तिको प्रमुख मार्ग मानिने उक्त जलमार्ग युद्धका कारण प्रभावित भएको छ, जसले विश्व बजारमा असर पार्ने देखिन्छ ।

यसबिच, जी-७ राष्ट्रहरूले ऊर्जा बजार स्थिर राख्न आवश्यक सबै उपाय अपनाउने प्रतिबद्धता जनाएका छन् ।

# मिन आङ ह्लाइङ राष्ट्रपति बन्ने मार्गमा

नेपिडो (म्यान्मा), ३१ मार्च (एएफपी) । म्यान्माको सैनिक शासन थप मजबुत हुने सङ्केत देखिँदै गएको छ । यहाँ जुन्ता प्रमुख मिन आङ ह्लाइङ तल्लो सदनबाट उपराष्ट्रपति निर्वाचित भएसँगै राष्ट्रपति बन्ने प्रक्रियातर्फ निर्णायक रूपमा अघि बढ्नुभएको छ ।

मङ्गलबार सम्पन्न मतदानमा तल्लो सदनले उहाँलाई २६० मध्ये २४७ मतसहित उपराष्ट्रपति घोषणा गरेको संसद् अधिकारीहरूले जनाएका छन् । तल्लो सदनका अध्यक्ष खिन यीका अनुसार निर्वाचित सांसदहरूले उहाँलाई औपचारिक रूपमा उपराष्ट्रपति चयन गरेका हुन्, जसले आगामी शक्ति संरचनाको दिशा स्पष्ट पार्छ ।

यस हप्ताभित्र तीन जना उपराष्ट्रपति चयन गरिने कार्यक्रम रहेको छ । तीमध्ये एकजनालाई संसद्व्यापी मतदानमार्फत राष्ट्रपति बनाइने संवैधानिक प्रावधान छ, जसमा मिन आङ ह्लाइङ अग्रणी दाबेदारका रूपमा उभिनुभएको विश्लेषकहरूको भनाइ छ ।

सन् २०२१ मा आङ सान सु की नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गर्दै सत्ता हातमा लिनुभएका उहाँले त्यसयता मुलुकमा कडा सैनिक शासन चलाउँदै आउनुभएको छ । सो कदमपछि म्यान्मा गम्भीर द्वन्द्व र अस्थिरतामा फसेको थियो, जसको प्रभाव अझै कायम छ ।

पछिल्ला पाँच वर्षमा उहाँको नेतृत्वमा सञ्चालन भएको शासन प्रणालीलाई अन्तर्राष्ट्रिय समुदायले व्यापक रूपमा आलोचना गर्दै आएको छ । हालै सम्पन्न अत्यधिक नियन्त्रणयुक्त चुनावमा विरोध तथा आलोचनालाई अपराध घोषणा गरिएको थियो, जसले सैन्य समर्थित दलहरूलाई सहज जित दिलाएको बताइएको छ ।

विरोधी समूहहरूले नयाँ बन्ने सरकार सेनाको प्रत्यक्ष प्रभावमा रहने चेतावनी दिँदै आएका छन् । म्यान्माको स्वतन्त्रतापछि लामो समयसम्म सैन्य नियन्त्रणमै रहेको इतिहासलाई दृष्टिगत गर्दा यस्तो आशङ्का अझ बलियो देखिन्छ ।

हालै सशस्त्र बलको कमान्डर-इन-चिफ पदबाट राजीनामा दिएपछि तल्लो सदनले उहाँलाई उपराष्ट्रपति पदका लागि मनोनयन गरेको थियो । यही प्रक्रियाले उहाँको राष्ट्रपति बन्ने सम्भावनालाई अझ प्रबल बनाएको विश्लेषकहरू बताउँछन् ।

# मध्य इरानमा सैन्य स्थलमा आक्रमण

तेहरान, १७ चैत (एएफपी) मध्य इरानको इस्फहान प्रान्तमा केही सैन्य स्थलमा आक्रमण हुँदा प्रान्तको सुरक्षा संरचना र औद्योगिक पूर्वाधारमा क्षतिको सङ्केत देखिएको छ । प्रारम्भिक विवरणअनुसार आक्रमणले प्रान्तका प्रमुख सैन्य बेसहरूलाई लक्षित गरेको देखिन्छ, तर क्षतिको परिमाण र हताहतको विवरण अझै स्पष्ट भएको छैन ।

इस्फहान प्रान्त इरानको रक्षा उद्योगको मुख्य केन्द्र मानिन्छ र यसमा नातान्जसहितका प्रमुख आणविक सुविधाहरू रहेका छन् । गभर्नर कार्यालयका सुरक्षा अधिकारी अकबर सालेहीका अनुसार प्रारम्भिक अनुसन्धानले आक्रमण स्थलमा केही सैन्य साइटहरूलाई लक्षित गरिएको देखाएको छ ।

इरानी अधिकारीहरूले गत जुनमा इजरायलसँगको १२ दिने द्वन्द्व र हालको फेब्रुअरी २८ बाट सुरु भएको युद्धका क्रममा पनि प्रान्तका आणविक तथा रणनीतिक साइटहरू लक्षित भएको जानकारी दिए । इस्फहानमा बद्र एयरबेस, आठौँ सेकरी एयरबेस र चौथो एयर फोर्स बेससहित धेरै महत्त्वपूर्ण सैन्य आधारहरू छन् ।

युद्ध र हड्तालका असरले इस्फहान युनिभर्सिटी अफ टेक्नोलोजीसहित नागरिक पूर्वाधारमा पनि क्षति पुगेको छ । सहरका ऐतिहासिक र सांस्कृतिक स्थलहरू– सफाविद युगको अब्बासी जमेह मस्जिद, अली कपु दरबार र नक्श-ए-जहाँ स्क्वायर–मा समेत असर परेको छ । युनेस्कोका लागि इरानी राष्ट्रिय आयोगका महासचिव हासन फर्तौसीले प्रान्तमा 'ठूलो' क्षति भएको बताउनुभयो ।

औद्योगिक क्षेत्र पनि असरमुक्त रहेनह मोबाराकेह स्टिल कम्पनी कम्प्लेक्समा आक्रमणका कारण उत्पादनमा अवरोध आएको छ । यस घटनाले मध्य इरानको रणनीतिक र ऐतिहासिक महत्त्वलाई पुन: उजागर गरेको छ, जहाँ सैन्य, औद्योगिक र सांस्कृतिक लक्ष्यहरू सुरक्षित राख्ने चुनौती अझ स्पष्ट देखिएको विश्लेषण गरिएको छ ।

## विश्व सङ्क्षेप

### लेबनानका स्वास्थ्य केन्द्रहरूमा आक्रमण जारी : राष्ट्रसङ्घ

न्युयोर्क, ३१ मार्च (क्यूएनए) । लेबनानका स्वास्थ्य केन्द्रहरूमा निरन्तर आक्रमण निरन्तर जारी रहेको संयुक्त राष्ट्र सङ्घले चेतावनी दिएको छ । पछिल्लो समयमा लेबनानले निरन्तर ८७ वटा आक्रमणको सामना गर्दा ५२ जना स्वास्थ्य कार्यकर्ताको मृत्यु हुनुका साथै अन्य १२६ जना घाइते भएको जनाइएको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार एक हप्ताको समयमा सातवटा आक्रमणका घटना दर्ता भएका छन् भने आक्रमणमा कम्तीमा नौ जना स्वास्थ्य कार्यकर्ताको आफ्नो कर्तव्य निर्वाह गर्दा गर्दै मृत्युवरण गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले दक्षिणी लेबनानमा भएको आक्रमणले कयौँ हताहत हुनुका साथै सवारी साधनसहित एम्बुलेन्समा पनि प्रहार गरेको बताउनुभएको छ ।

यसको बाबजुद, संयुक्त राष्ट्र सङ्घ र यसका साझेदार सस्थाहरूले लेबनानमा आवश्यक सहयोग र सहकार्य जारी राखेको उहाँले बताउनुभएको छ ।

डब्ल्युएचओ र अन्य साझेदारहरूले विस्थापित मानिसहरूलाई स्वास्थ्य परामर्श २२ हजार भन्दा बढी मानिसहरूलाई आवश्यक औषधि प्रदान गरेको डुजारिकले उल्लेख गर्नुभएको छ । उहाँले दक्षिणी लेबनानमा सैन्य कारबाही विस्तार गर्ने सम्बन्धमा इजरायली सरकारले गरेको घोषणाको विकल्पमा मानवीय र स्वास्थ्य कार्यकर्ताहरूलगायत नागरिक पूर्वाधारको रक्षा गर्न आवश्यक रहेको बताउनुभएको छ ।

लेबनानका मानवीय संयोजक इमरान रिजा र डब्ल्यूएचओका प्रतिनिधि डाक्टर अब्दिनसिर अबुबाकरले सयुक्त रूपमान जारी जारी गरिएको विज्ञप्तिमा स्वास्थ्य कार्यकर्ता र उत्तरदाताहरूको सुरक्षाका लागि आह्वान गरिएको छ ।

विगत २४ घन्टाको समय - अवधिमा भएका दुईवटा छुट्टाछुट्टै घटनामा तीन जना शान्ति-रक्षकहरूको मृत्यु भएको जनाइएको छ ।

### ऊर्जा बजार स्थिर गर्न आवश्यक उपाय अवलम्बन गर्ने जी-७ को घोषणा

टोकियो, ३१ मार्च (एएनआई) । सात राष्ट्रको समूह (जी-७) ले सोमबार इरानमा चलिरहेको युद्धको बिचमा विश्वव्यापी ऊर्जा बजार स्थिर गर्न आवश्यक उपायहरू अबलम्बन गर्न तयार रहेको घोषणा गरेको क्योडो न्यूजले जनाएको छ ।

वर्तमान समयमा ऊर्जा आपूर्तिमा अवरोधहरू कम गर्न यो निर्णय आएको जनाइएको छ भने लामो द्वन्द्व र हर्मुज बन्दका कारण उर्जाको मूल्य आकासिएको छ ।

अर्थ मन्त्रीहरू, ऊर्जा मन्त्रीहरू र केन्द्रीय ब्याङ्कका गभर्नरहरूको भर्चुअल बैठकपछि जारी गरिएको विज्ञप्तिमा जी-७ ले रूस-युक्रेन युद्धका कारण रूसमाथि लगाएको प्रतिबन्ध जारी राख्ने जनाएको छन् ।

क्योडो न्यूजका अनुसार जी-७ समूहले अन्तर्राष्ट्रिय साझेदारहरूसँग आवाश्यक समन्वय कायम गर्ने प्रतिज्ञा गर्दै पेट्रोलियम उत्पादनहरूको अन्यायपूर्ण निर्यात प्रतिबन्ध नलगाउन आग्रह गरेको छ ।

जापानका उद्योग मन्त्री रियोसेई अकाजावालाई उद्दृत गर्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) द्वारा रणनीतिक तेल भण्डारको अतिरिक्त आपूर्तिका लागि तयारी भइरहेको जनाएको छ ।

जापानका अर्थमन्त्री सात्सुकी कातायामाले क्योडो न्यूजलाई उद्धृत गर्दै बढ्दो कच्चा तेलको मूल्यले विदेशी मुद्रा बजारलाई असर गर्नुका साथै जन-जीवन र अर्थतन्त्रलाई खतरामा पार्न सक्ने चेतावनी दिनुभएको छ ।

इरानमाथि अमेरिका र इजरायलको संयुक्त आक्रमणपछि पश्चिम एसियामा द्वन्द्व चर्किए पछि, इरानी सेनाहरूले विश्वव्यापी तेल ढुवानीको लागि एक महत्त्वपूर्ण स्थान हर्मुज अवरुद्ध गरेपछि आपूर्ति अवरोध र कच्चा मूल्यमा वृद्धि भएको छ ।

### इन्डोनेसियाको समुद्रमा डुङ्गा डुब्दा फसेका चालक दलका सबै सदस्यको जीवितै उद्धार

जकार्ता, ३१ मार्च (सिन्ह्वा) । इन्डोनेसियाको उत्तरी मालुकु प्रान्तको तालियाबुमा डुङ्गा डुब्दा फसेका २१ जना चालक दलका सदस्यहरूको संयुक्त खोजी र उद्धार टोली (एसएआर) ले जीवित उद्धार गरेको स्थानीय अधिकारीहरूले मङ्गलबार बताएका छन् ।

जीवित व्यक्तिहरू र एसएआर कार्यालयको समन्वयमा पालु खोजी र उद्धार कार्यालयबाट एसएआर टोलीले स्थानीय समय अनुसर विहान लगभग ०८:२४ मा दक्षिण बोलाङ मोङ्गोन्डो, उत्तरी सुलावेसीको पानीमा बगिरहेको डुङ्गा फेला पारेको जनाइएको छ ।

माछा मार्ने डुङ्गामा रहेका २१ जनामध्ये एकजना क्याप्टेन, एकजना चिफ इन्जिनियर र १९ जना चालक दलका सदस्यहरू रहेको पालु एसएआर अफिसका प्रमुख मुह रिजालले बताउनुभएको छ । सबै सदस्यहरूलाई सुरक्षित फेला परेपछि एसएआर सञ्चालन हाललाई बन्द गरिएको उहाँले बताउनुभएको छ ।

रिजालले सबै मानिसहरूलाई उद्धार गरी स्वास्थ्य जाँचका लागि स्थानीय अस्पतालमा लगिएको बताउनुभएको छ ।

यसअघि आइतबार साँझ तालियाबु टापुबाट केमा गाउँ प्रस्थान गरेपछि उक्त डुङ्गा डुबेको रिपोर्ट गरिएको थियो भने डुङ्गामा रहेका सबै यात्रुहरू बेपत्ता भएको पालु खोजी र उद्धार कार्यालयले जनाएको थियो ।

# बीमा छ, तर उपचार छैन
# सङ्कटमा नेपालको स्वास्थ्य बीमा कार्यक्रम – २

✍ बरुण थापा

**विघटनको बाटोमा स्वास्थ्य बीमा कार्यक्रम**

त्यसपछि सुरु भयो प्रणालीको क्रमिक विघटन– एकपछि अर्को असफलताले अघिल्लो असफलतालाई झन् गम्भीर बनाउँदै लग्यो । बीमा शुल्क सबैका लागि एउटै दरमा तोकिएको हुँदा कार्यक्रमले पर्याप्त राजस्व सङ्कलन गर्न सकेन । अनिवार्य आबद्धता लागू गर्न नसक्नु कार्यान्वयनको दोस्रो ठुलो असफलता थियो । आबद्धता अनिवार्य नभई व्यवहारत: स्वैच्छिक जस्तै बन्न पुगेकाले महँगो उपचार आवश्यक पर्न सक्ने अनुमान गरिएका दीर्घरोगी, वृद्धवृद्धा तथा पूर्वनिर्धारित बिरामी अवस्थाका व्यक्तिहरू मात्र कार्यक्रममा सहभागी हुन थाले । स्वास्थ्य अर्थशास्त्रमा यसलाई 'प्रतिकूल छनोट' (एडभर्स सेलेक्सन) भनिन्छ । बीमा स्वीकार नै नगर्ने, निजी अस्पताल प्रयोग गर्ने तथा आफ्नै खल्तीबाट खर्च बेहोर्न सक्ने भएको हुनाले सम्पन्न नेपाली नागरिकहरूसँग यसमा जोडिनुपर्नाको कारण झनै थोरै थियो । औपचारिक क्षेत्रको रूपमा रहेका निजामती कर्मचारी, सेना, प्रहरीलगायत प्रत्येकले आफ्नै समानान्तर योजना चलाइरहेकाले उनीहरू पनि यसबाट पूर्णतया बाहिरै रहे । निजामती कर्मचारीहरूले आफ्नो सञ्चय कोषबाट १० लाख रूपैयाँसम्मको रकम निकाल्न सक्छन् । सेना र प्रहरीका आफ्नै अस्पतालहरू छन् । शम्भुप्रसाद आचार्यको शब्दमा, नेपालको स्वास्थ्य क्षेत्रमा वित्तीय व्यवस्थापनको परिदृश्य एउटा 'दु:स्वप्न' बनेको थियो ।

स्वास्थ्य मन्त्रालयअन्तर्गत मात्रै कम्तीमा आठ वटा ठुला अनुदान कार्यक्रम सञ्चालनमा थिए, त्यसमाथि प्रदेश तथा स्थानीय सरकारले आफ्नै कार्यक्रम थपिरहेका थिए । "मैले प्रधानमन्त्रीलाई भनेको थिएँ : तपाईं यो बीमाको प्रचार गर्दै हुनुहुन्छ, तर तपाईं आफैँ यसमा बिमित हुनुहुन्न ।" आचार्यले थपे, "स्वास्थ्य मन्त्रालयका कुनै पनि कर्मचारी यसमा आबद्ध छैनन् । अनि तपाईं अन्य व्यक्तिले बीमा गरून् भन्ने कसरी अपेक्षा गर्नुहुन्छ ?" नेपालले सवारी साधनका लागि अनिवार्य बीमा लागू गरेको छ । तर व्यक्तिका लागि भने यसको अनिवार्यता रहेको छैन । सुधार समितिका अनुसार बीमामा आबद्ध भएकामध्ये ७० प्रतिशत लक्षित समूहका थिए, अर्थात् उनीहरू प्रणालीलाई आर्थिक रूपमा धान्न आवश्यक पर्ने स्वस्थ र कार्यशील उमेर समूहका योगदानकर्ताहरू थिएनन् । सदस्यता छोड्ने दर पनि अत्यन्त उच्च थियो । व्यक्तिहरू बिरामी पर्दा मात्र कार्यक्रममा आबद्ध हुन्थे र आफ्नो एक लाखको खर्च सीमा समाप्त भएपछि सदस्यता नवीकरण गर्दैनथे । दुर्गम क्षेत्रहरूमा त बिरामीहरूलाई आफ्नो बीमाको म्याद कहिले सकियो भन्ने समेत थाहा हुँदैनथ्यो । जुम्लाका डा. अरुण उप्रेतीले यस पङ्क्तिकारसमक्ष बताए, "नवीकरण कहिले गर्ने भनेर तपाईं आफैँले सम्झिनु पर्छ । सरकारले उनीहरूलाई नवीकरणको सूचना दिँदैन ।"

अनिवार्य आबद्धताको अभावमा कार्यक्रम दीर्घकालीन रूपमा टिक्न आवश्यक पर्ने स्थिर 'जोखिम व्यवस्थापन कोष' (रिस्क पूल) कहिल्यै निर्माण गरिएन । सामाजिक स्वास्थ्य बीमाको आधारभूत तर्क सरल छ– एक जना युवा एवं स्वस्थ व्यक्तिले आज बीमा प्रणालीमा पैसा तिर्छ, उसलाई अहिले नै आवश्यक परेको हुनाले होइन, बरु भविष्यको कुनै एक दिन आवश्यकता पर्नेछ भनेर । एक दिन ऊ वृद्ध हुनेछ । उसलाई उच्च रक्तचाप वा मधुमेह हुन सक्छ वा शल्यक्रिया आवश्यक पर्न सक्छ । जब त्यो दिन आउँछ, लाखौँ अन्य स्वस्थ योगदानकर्ताले तिरेको बीमा शुल्कले उसको उपचारको खर्च बेहोर्छ । यसले स्वास्थ्य र सम्पत्ति स्थायी हुँदैनन्, न त ती व्यक्तिको रोजाइका विषय नै हुन् भन्ने कुरालाई आत्मसात् गरेको हुन्छ । कुनै पनि व्यक्तिको अवस्था जुनसुकै समयमा परिवर्तन हुन सक्छ । एउटा समतामूलक प्रणालीले व्यक्तिलाई त्यस किसिमका परिवर्तनबिच सुरक्षा प्रदान गर्छ । यो केवल एउटा बीमाङ्कीय सिद्धान्त मात्र होइन, बरु नैतिक सिद्धान्त पनि हो । जसले पैसा तिर्न सक्छ उसलाई मात्र सुरक्षा दिने प्रणाली बीमा होइन, व्यापार हो । अनि जुन राज्यले संवैधानिक रूपमा स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेर पनि बिरामी र गरिबले मात्रै प्रयोग गर्ने गरी कार्यक्रम बनाउँछ, त्यसले सुरक्षा सञ्जाल होइन, बरु धराप निर्माण गरिरहेको हुन्छ ।

यसलाई झन् जटिल बनाउने र कार्यान्वयनमा विफलता ल्याउने तेस्रो समस्या थपियो- यस्तो किसिमको शासकीय संरचना जसले यी कुनै पनि समस्या तत्काल समाधान गर्नै नसकिने कुरा सुनिश्चित गर्‍यो । स्वास्थ्य बीमा बोर्ड नाममा स्वायत्त थियो तर व्यवहारमा भने मन्त्रालयको बन्दी थियो । बोर्डका कार्यकारी निर्देशक स्वास्थ्य मन्त्रीको सिफारिसमा नियुक्त हुन्थे, यसको बजेट मन्त्रालयमार्फत नै परिचालित गरिन्थ्यो र यहाँसम्म कि कर्मचारी पनि मन्त्रालयबाटै खटाउने गरिन्थ्यो । "बोर्डमाथि मन्त्रालयको ठुलो नियन्त्रण छ," शम्भु आचार्य भन्छन्, "तर मन्त्रालयसँग पनि यससम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार छैन, त्यसैले यसलाई मन्त्रालयले समग्र रूपमा हेर्न सकिरहेको छैन ।" प्रधानमन्त्री कार्यालयसँग बोर्डको कुनै प्रत्यक्ष सम्पर्कको व्यवस्था थिएन । वित्तीय सहायताका लागि अर्थ मन्त्रालय वा सदस्य आबद्धताका लागि श्रम मन्त्रालयसँग यसको कुनै समन्वय थिएन– जबकि यस कार्यक्रमलाई उपरोक्त मन्त्रालयहरूको सहयोग अपरिहार्य थियो । त्यसमाथि स्वास्थ्य सेवा खरिद गर्ने निकाय एवं यसको नियमन गर्ने निकाय समेत एउटै थियो जसलाई शम्भु आचार्य सिधै 'स्वार्थको टकराव' भनी व्याख्या गर्छन् । यसमा गुणस्तर सुनिश्चित गर्ने संयन्त्र, लागत नियन्त्रण गर्ने साधन, उपचार कार्यविधि तथा मूल्य निर्धारणका मापदण्डको अभाव थियो ।

"त्यस्ता विषयहरूको पूर्णतया अभाव थियो," आचार्य भन्छन्, "त्यहाँ सानोतिनो लेखापरीक्षण वा त्यस्तै किसिमको कुनै कुरा थिएन । केही पनि थिएन ।" स्थापनाको झन्डै एक दशक भइसक्दासमेत बोर्डको कुनै स्थायी साङ्गठनिक संरचना थिएन । त्रिवि शिक्षण अस्पतालका सुवास आचार्यले पङ्क्तिकारसँग भने, "यो सबै अर्थशास्त्रको विषय बनेको छ । सेवाप्रवाहसँग यसको कुनै लिनुदिनु, साइनो सम्बन्ध छैन ।" उनको तर्कअनुसार बोर्ड कि अर्थ मन्त्रालय कि त प्रधानमन्त्री कार्यालय मातहत हुनुपर्थ्यो । शम्भु आचार्यले भने अलि फरक मोडलको परिकल्पना गरेका थिए- एउटै मन्त्रालयप्रति मात्र जवाफदेही नभई स्वास्थ्य, अर्थ र श्रम मन्त्रालयबिचको समन्वयमा काम गर्न सक्षम स्वतन्त्र निकाय उनको परिकल्पना थियो । यस्तो अभ्यास थाइल्यान्डमा थियो । तर यसको सट्टा नेपालको स्वास्थ्य बीमा बोर्ड एउटा यस्तो मन्त्रालयभित्र बन्दी बनेर बस्यो जसलाई कार्यक्रमको बजेटसमेत प्रभावकारी रूपमा व्यवस्थापन गर्ने अख्तियारसम्म थिएन । बोर्डले अस्पतालहरूलाई उपचारको वास्तविक लागतअनुसारको रकम भुक्तानी गर्न नसक्दा यसले निश्चित दरका प्याकेज निर्धारण गर्‍यो– निमोनियाका लागि १५,००० रूपैयाँ, पिसाब नलीको सङ्क्रमणका लागि ९,००० देखि १०,००० रूपैयाँ । अस्पतालले सरकारी बजेटबाट तलब प्राप्त गरोस् वा आफूले उपचार गरेका बिरामीहरूबाट एक एक रूपैयाँ कमाएर चलेको नै किन नहोस्, दुवै अवस्थामा यसले एउटै दर प्रस्ताव गर्‍यो ।

सुवास आचार्यले बोर्डलाई वर्षौंदेखि चेतावनी दिँदै आएका थिए, "तपाईंहरू जुन प्रणाली लागू गर्न खोज्दै हुनुहुन्छ, त्यो उत्तर अमेरिका र युरोपमा सन् २००० को दशकको सुरुआतमा असफल भइसकेको थियो । तपाईंहरू यहाँ त्यस्तो कुरा लागू गर्न खोज्दै हुनुहुन्छ, जुन अन्य देशमा बीस वर्षअघि नै असफल भइसकेको थियो ।" उनी वास्तविक उपचार लागतका आधारमा दाबी रकम भुक्तानी गर्ने घटना-आधारित सोधभर्नाको वकालत गर्छन् । सरकारी अस्पतालहरूले ७० देखि ८० प्रतिशत दाबी गर्ने भएकाले यसले प्रक्रियागत झन्झटलाई उल्लेख्य रूपमा कम गर्ने उनको तर्क थियो । बोर्डले उनको तर्कको बेवास्ता गर्‍यो । त्रिवि शिक्षण अस्पतालले बीमा स्वीकार गर्न सुरु गर्दा बोर्डले १६० प्रकारका उपचार प्रक्रिया मात्र परिभाषित गर्‍यो । जबकि शिक्षण अस्पतालले ३,००० वटा प्रक्रिया सम्पादन गर्छ । बोर्डले "अन्य" शीर्षकको एउटा सामान्य श्रेणी बनायो । अस्पतालहरूले सोही 'अन्य' अन्तर्गत दाबी भुक्तानी पेस गरेपश्चात् बोर्डले उक्त सिङ्गो 'अन्य' शीर्षकको श्रेणी नै अस्वीकार गर्‍यो र अस्पतालले सेवा प्रदान गरिसकेपछि त्यसलाई खारेज गरिदियो ।

बिरामीहरूले जे भोगे, त्यो उल्लिखित सबै कुराको परिणाम थियो । एउटा यस्तो प्रणाली जसले कभरेजको वाचा त गर्‍यो तर गुणस्तरीय सेवा उपलब्ध गराउन सकेन । विभिन्न जिल्लामा बीमा कार्यक्रम अध्ययन गरेका धुलिखेल अस्पतालका प्रशासकीय निर्देशक डा. विराजमान कर्माचार्यले बीमाको सदस्यता छोड्ने वा कहिल्यै आबद्ध नहुनेहरूबिच एउटै समान प्रवृत्ति रहेको फेला पारेका छन्, "कार्यक्रममा आबद्ध नहुने तथा नवीकरण नगर्ने व्यक्तिहरू सेवाको गुणस्तरलाई कारण मान्छन् । औषधिको उपलब्धता नहुने, समयमै उपचार नपाइने अवस्था विद्यमान छ । यदि हामी जसरी पनि निजी क्लिनिकमै जानुपर्छ भने यसका लागि समय र पैसाको खर्च किन गर्ने ?" सुकुमायाले फार्मेसी काउन्टरमा गुणस्तरको समस्या रहेको देखिन्छ । सस्ता औषधिहरू बीमाको दायराभित्र पर्थे तर प्रभावकारी औषधिहरू भने पर्दैनथे । "उनीहरू थोरै मात्र औषधि दिन्छन्," उनले पङ्क्तिकारसँग भनिन्, "अलि राम्रो औषधिका लागि उनीहरू यो बीमाअन्तर्गत पर्दैन भन्छन् । उनीहरू यसरी नै धेरै पैसा लिन्छन् ।" यो केवल एक जनाको मात्र गुनासो थिएन । कर्माचार्य दुई वटा छुट्टाछुट्टै फार्मेसी काउन्टर राख्ने यो अभ्यास नेपालभरिका अधिकांश अस्पतालमा आफूले देखेको नियमित अभ्यास रहेको बताउँछन् ।

ती दुई फार्मेसी काउन्टर- एउटा बीमा गरेका बिरामीहरूका लागि र अर्को खल्तीबाट पैसा तिर्नेहरूका लागि रहेका हुन्छन् । बीमा गरेकाहरूले उपलब्ध सबैभन्दा सस्तो औषधि पाउँछन् । पैसा तिर्ने बिरामीहरूले मात्र गुणस्तरीय औषधि प्राप्त गर्छन् । "लगभग हरेक अस्पतालले यसो गर्छन्," उनले भने । प्रणालीमा कतै पनि गुणस्तर मापनका सूचकहरू थिएनन् । बिरामीहरू निको भइरहेका छन् कि छैनन् भनेर मापन गर्ने कुनै तरिका थिएन, न त परिणाम वा अनुभवको नै कुनै समग्र सूचकाङ्क रहेको थियो, असल उपचार र खराब उपचारबिच फरक छुट्याउने आधार नै थिएन । अर्को समस्या अत्यधिक उपभोगको प्रश्न पनि थियो । यस कार्यक्रमलाई एउटा लेनदेनको रूपमा पनि प्रचार गरिएको थियो– ३,५०० तिर्नुहोस्, एक लाखको सुविधा लिनुहोस् । प्रयोग नभएको रकम वर्षको अन्त्यमा स्वत: सकिन्छ । परिणामस्वरूप नवीकरण हुनुअघि सकेसम्म अधिकतम सेवा प्रयोग गर्ने प्रलोभन सिर्जना भयो । "बिरामीका परिवारले के सोच्छन् भने मैले ३,५०० तिरेको छु, मसँग एक लाख रूपैयाँ बराबरको अधिकार छ," सुवास आचार्य भन्छन् । प्रारम्भमा सेवा लिने बिन्दुमा कुनै किसिमको शुल्क थिएन । यसले स्वास्थ्य अर्थशास्त्रीहरूले भन्ने गरेको 'नैतिक जोखिम' (मोरल हाजार्ड) भन्ने अवस्थातर्फ डोहोर्‍याउन सक्छ भन्ने अवस्थाको विद्यमानता थियो पनि । तर अर्को पक्षको प्रमाण पनि उत्तिकै बलियो छ ।

न्यून र मध्यम आय भएका देशहरूमा सेवा लिने बिन्दुमा लाग्ने नीतिका सम्बन्धमा ङ्गूयेन र अन्य ( २०१८) ले गरेको एउटा प्रणालीगत समीक्षाले के पत्ता लगायो भने सेवा लिने बिन्दुमा शुल्क लागू गर्दा बीमाको उपयोग निरन्तर रूपमा घटेको पाइयो भने त्यसको सबैभन्दा ठुलो मार अति गरिब जनसङ्ख्यामा परेको थियो । तर यहाँ योजना डिजाइनमा निहित गम्भीर असफलता के थियो भने स्वास्थ्य खर्चको ५४ प्रतिशत नागरिकले आफ्नै खल्तीबाट बेहोरिरहेको र पुस्तौँदेखि मानिसहरूले पर्याप्त उपचार पाउन नसकी जेनतेन बाँचिरहेको यस्तो देशमा यो कार्यक्रमको वित्तीय आधार यति साँघुरो आर्थिक सीमा (मार्जिन) मा निर्माण गरिएको थियो कि अलिकति मात्र अर्थपूर्ण उपयोग गर्दा नै यो धराशायी हुनेवाला थियो । प्रणालीले जसलाई 'अत्यधिक उपभोग' ठान्यो, त्यो वास्तवमा एउटा बिरामी जनसङ्ख्याले बल्लतल्ल उपचारमा पहुँच पाएर उपयोग गर्न थालेको अवस्था थियो । वास्तविक समस्या अत्यधिक प्रयोगको थिएन । बरु समस्या त यो थियो कि कार्यक्रममा आबद्ध भएकाहरूलाई सेवा दिन यसमा कहिल्यै पर्याप्त मात्रामा आवश्यक कोषको व्यवस्थापन गरिएन । शम्भु आचार्यको सुधार समितिले यसको समग्र क्षतिको परिमाणात्मक हिसाब निकाल्यो ।

प्रतिपरिवार सङ्कलन गरिएको औसत प्रिमियम ३,८०० रूपैयाँ थियो भने भुक्तानी गरिएको औसत दाबी रकम ८,३५० रूपैयाँ थियो । प्रिमियम आम्दानीको कति हिस्सा दाबी भुक्तानीमा खर्च हुन्छ भन्ने सूचकका रूपमा रहेको बीमाको दिगोपन मापन गर्ने 'मेडिकल लस रेसियो' २२० प्रतिशत पुगेको थियो । जबकि राम्रोसँग सुचारु रूपमा चलिरहेको प्रणालीमा यो आँकडा ८० देखि ८५ प्रतिशतको बिचमा हुन्छ । प्रिमियमबाट सङ्कलित रकमले बोर्डको स्वास्थ्य सेवा खर्चको केवल २४ प्रतिशत मात्र धानिरहेको थियो । आवश्यक सुधार नगरिए सरकारलाई सन् २०२५ सम्ममा ३२ अर्ब र २०३० सम्ममा ६२.८ अर्ब रूपैयाँ अनुदान आवश्यक पर्ने अनुमान समितिले गरेको थियो । २०७६ को राष्ट्रिय स्वास्थ्य नीतिले सुर्ती, मदिरा र अस्वस्थकर खानेकुरामा अतिरिक्त कर ( सिन ट्याक्स) लगाउने प्रस्ताव पनि गरेको थियो । डा. मास्केको अनुमानमा सुर्ती र मदिराबाट सङ्कलित राजस्व रकमलाई स्वास्थ्यका क्षेत्रमा हालको ५ प्रतिशतबाट बढाएर २५ प्रतिशत विनियोजन गर्दा ४२ अर्ब रूपैयाँ सङ्कलन हुन्थ्यो । तर यीमध्ये केही पनि कार्यान्वयन भएन । स्वास्थ्य बजेट सन् २०१६ मा ७.२ प्रतिशत रहेकोमा २०२६ सम्म घटेर ४.९ प्रतिशतमा झर्‍यो । व्यक्तिको खल्तीबाट हुने खर्च बढेर ५४ प्रतिशत पुग्यो ।

परिवारलाई आर्थिक बर्बादीबाट संरक्षण प्रदान गर्न तर्जुमा गरिएको कार्यक्रम असफल भएको थियो । "यस्ता ढिलासुस्तीले संस्थाहरूलाई नै ध्वस्त पार्न सक्छन्" भन्ने तथ्यप्रति "सरकार खासै गम्भीर भएको देखिँदैन," कर्माचार्यको भनाइ छ । २०८२ को माघ महिनामा स्वास्थ्य संस्थाहरू साँच्चै ध्वस्त भए ।


**तीन अस्पताल, तीन दरार**

सन् २०२५ को अन्त्यसम्ममा बोर्डले अस्पतालहरूलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकम ११ अर्ब रूपैयाँ नाघिसकेको थियो । कतिपय अनुमानले यो रकम रु. १९ अर्ब हाराहारीमा रहेको देखाएका थिए । बीमा दाबी रकम महिनौँसम्म भुक्तानी हुँदैनथ्यो, कहिलेकाहीँ वर्ष दिनभन्दा बढी समयसम्म पनि भुक्तानी हुन सक्दैनथ्यो । लगातार तीन आर्थिक वर्षसम्म सरकारले आफूले कानुनी रूपमै कभरेज दिनुपर्ने लक्षित समूहका लागि बीमा शुल्कबापतको प्रिमियम तिर्न एक रूपैयाँ पनि उपलब्ध गराएको थिएन । सुधार कार्यदलको हिसाबकिताबअनुसार यस किसिमको सञ्चित ऋण मात्र १३ अर्ब रूपैयाँभन्दा बढी थियो । बोर्डले लाखौँ विपन्न नागरिकलाई सेवा दिने विश्वास गरिएको थियो । त्यसलाई आवश्यक पर्ने बजेट उपलब्ध गराउने दायित्व बोकेको सरकारले बजेट उपलब्ध गराउन मानेन । यसैबिच बदनियतपूर्ण व्यावसायिक हतकण्डाले यो सङ्कटलाई झनै गम्भीर बनाइदियो । कतिपय निजी स्वास्थ्य संस्थाहरूले बिरामीहरूलाई आफैँ बीमामा आबद्ध गराउने, उनीहरूको बीमा शुल्क तिरिदिने, अनावश्यक परीक्षण गर्न लगाउने तथा त्यसको बिल बोर्डमा पेस गर्ने लगायतका कार्य गर्न थाले । दाबी भुक्तानी सहजै फर्स्योट गराउन कतिपयले बोर्डका कर्मचारीहरूलाई ५ देखि १० प्रतिशतसम्म कमिसन समेत बुझाउन थाले ।

*(थापा जनस्वास्थ्य अनुसन्धाता हुन् । अमेरिकास्थित हार्वर्ड विश्वविद्यालयको ब्रिघम एण्ड विमन्स अस्पतालमा आवासीय चिकित्सा सुरु गर्न लागेका उनी काइजर पर्मानेन्टे स्कूल अफ मेडिसिनबाट डक्टर अफ मेडिसिन पूरा गर्दैछन् ।)*

***- हिमाल खबर डटकमबाट***



# इजरायली संसद्ले पारित गऱ्यो 'आतङ्कवादी' प्यालेस्टिनीहरूलाई मृत्युदण्ड दिने कानुन

**मिडल इस्ट आइ**

गत सोमबार इजरायली संसद् कनेसेटले प्यालेस्टिनीहरूलाई मृत्युदण्ड दिने कानुन पारित गऱ्यो। मानव अधिकारवादी सङ्घ-संस्थाहरूले इजरायली संसद्को यो कदमको निन्दा गरेका छन्।



सो कानुनले राष्ट्रिय पहिचानका आधारमा दुईथरी मृत्युदण्ड दिने बाटो तयार गरेको छ। इजरायलको सैन्य अदालतमा अतिक्रमित पश्चिम किनार क्षेत्रमा बसोबास गर्ने प्यालेस्टिनीहरूविरुद्ध मुद्दा चलाउँदा मृत्युदण्ड दिन मिल्ने नयाँ कानुनमा उल्लेख छ।

प्यालेस्टिनी कानुनी केन्द्र 'अदालाह' का निर्देशक सुहाद बिशाराले भने, "यो कानुनले राज्यप्रायोजित हत्यालाई संस्थागत गरेको छ। कुनै बिगार नगरेको व्यक्तिसमेत यसको मारमा पर्नेछ।" उनले थप भने, "योजनाबद्ध रूपमा यसले प्यालेस्टिनीहरूलाई लक्षित गरेको छ। यसले जातीय विभेद निषेधको सिद्धान्त र समानताको मौलिक सिद्धान्तको उल्लङ्घन गरेका छ।"

'अदालाह' उक्त कानुनविरुद्ध सर्वोच्च अदालतमा निवेदन दायर गर्ने योजनामा छ। इजरायलको प्रमुख मानव अधिकारवादी समूह 'नागरिक अधिकार मञ्च' ले सोमबार नै उक्त कानुनविरुद्ध निवेदन दर्ता गरिसकेको छ।

उक्त समूहले भन्यो, "प्रथम, संसद्लाई पश्चिम किनारका लागि कानुन बनाउने अधिकार छैन। त्यहाँ इजरायलको सार्वभौमसत्ता छैन। द्वितीय, यो कानुन संविधानसम्मत छैन। यसले जीवनको हक, मानव गरिमा, कानुनी प्रक्रिया तथा समानताको हकको उल्लङ्घन गर्छ। इजरायलको संविधानअनुसार मानव गरिमा र स्वतन्त्रताको हक मौलिक हक हो।"

नयाँ कानुनले पश्चिम किनारमा पक्राउ परेका प्यालेस्टिनीहरूलाई अन्धकोठरीमा राख्न अनुमति दिन्छ। यसले तिनीहरूलाई गोप्य तवरले भुण्ड्याउने अधिकार दिन्छ र मृत्युन्मुख कैदीहरूलाई एकान्तवासमा राख्न अनुमति दिन्छ।

'आतङ्कवाद' को परिभाषामा पर्ने गरी कसैलाई मारेको ठहरिएमा व्यक्तिलाई मृत्युदण्ड दिने उक्त कानुनमा उल्लेख छ। यसले हत्यारा ठहर भएका इजरायलीहरूलाई भने सजिलै उन्मुक्ति दिन्छ।

पश्चिम किनारका प्यालेस्टिनीहरूका सम्बन्धमा कानुन बनाउने इजरायली सदनको कार्य अन्तर्राष्ट्रिय कानुनअनुसार अवैध हो। सन् १९६७ को जोर्डन युद्धपछि इजरायलले पश्चिम किनारलाई नियन्त्रणमा राख्दै आएको छ। अन्तर्राष्ट्रिय कानुनअनुसार पश्चिम किनार अतिक्रमित भूमि हो। एक कब्जाकारी सत्ताले अतिक्रमित भूभागमा आफ्नो घरेलु कानुन लागू गर्न मिल्दैन।

जानकारहरूले इजरायली संसद्को पछिल्लो कार्यको भित्री अर्थ केलाएका छन्। इजरायलले व्यवहारतः पश्चिम किनारलाई कब्जामा लिने प्रक्रिया अगाडि बढाएको उनीहरूको निष्कर्ष छ।

बिशाराले भने, "पश्चिम किनारका प्यालेस्टिनीहरूमाथि इजरायली कानुन लागू गर्नु अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हो। किनभने, कनेसेटलाई एक अतिक्रमित भूभागका जनताबारे कानुन बनाउने सार्वभौम अधिकार छैन।"

*(स्रोत : मिडल इस्ट आइ।)*

# राष्ट्रिय औषधि प्रयोगशालाले प्राप्त गऱ्यो 'आईएसओ' मान्यता

काठमाडौँ, १७ चैत। राष्ट्रिय औषधि प्रयोगशालाले अन्तर्राष्ट्रिय प्रमाणीकरण 'आईएसओ' मान्यता प्राप्त गरेको छ।

स्थापनाको ६० वर्षपछि नेपालको एक मात्र औषधिको परीक्षण गर्ने सरकारी प्रयोगशाला 'आईएसओ एक्रिडिटेसन सर्टिफाइड' भएको हो। राष्ट्रिय औषधि प्रयोगशालामा निर्देशक भरत भट्टराईले प्रयोगशाला अब अन्तर्राष्ट्रिय मापदण्डको सरकारी औषधि प्रयोगशालामा परिणत भएको र यसले औषधिको गुणस्तर सुनिश्चितताका लागि थप विश्वसनीयता आर्जन गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "प्रयोगशालाको सिङ्गो टोलीको तीन वर्षको अथक मेहनतका कारण प्रयोगशालाले आइएसओ सर्टिफिकेट पाएको हो। सर्टिफिकेट प्राप्त गर्नका लागि व्यवस्थापन र गुणस्तरीयतामा विशेष काम गरेका छौँ।"

नेपालमा उत्पादन हुने र विदेशबाट आयात हुने औषधिको परीक्षण र विश्लेषण, गुणस्तर नियन्त्रण तथा व्यवस्थापन र गुणस्तर तथा विधि पुष्टि गर्ने काम प्रयोगशालाले गर्दै आएको छ। औषधि व्यवस्था विभागबाट प्राप्त नमुनाहरू, निजी क्षेत्रका औषधि उद्योग, विभिन्न निकाय र संस्थाबाट प्राप्त नमुना र अन्य औषधि परीक्षण गर्ने तथा निजी प्रयोगशालाको गुणस्तर जाँच गर्ने काम प्रयोगशालाले गर्दै आएको छ।

त्यसैगरी, प्रयोगशालाले नियमनको लेखापरीक्षण गर्ने, स्वदेशमा उत्पादित, वितरित एवं विदेशबाट आयात हुने औषधिको गुणस्तर परीक्षण र विश्लेषण गर्ने, विश्लेषण विधि पुष्टि गर्ने सरकारी निकायबाट प्राप्त खोपको प्रमाणीकरण गर्ने र कुशल प्रयोगशाला अभ्यासहरूको निरीक्षण लेखापरीक्षण गर्दै आएको छ।

औषधि ऐन, २०३५ को दफा ६ बमोजिम स्थापना भएको नेपाल औषधि अनुसन्धानशाला, औषधिको वैज्ञानिक अनुसन्धान, परीक्षण र विश्लेषण गर्ने सरकारको प्रमुख अङ्गका रूपमा रहेको छ। **रासस**

# यातायात कार्यालयबाट सात जना बिचौलिया पक्राउ

काठमाडौँ, १७ चैत। काठमाडौँ महानगरपालिका-१५ सानो भऱ्याङस्थित यातायात व्यवस्था कार्यालयबाट सात जना बिचौलिया पक्राउ परेका छन्।

उक्त कार्यालयबाट सेवाग्राहीको सवारी दर्ता किताब (बिलबुक) नवीकरण गरिदिन्छु भनी सार्वजनिक सेवा प्रवाहमा अवरोध गरेको अभियोगमा प्रहरी वृत्त स्वयम्भूबाट परिचालन भएको प्रहरी टोलीले मङ्गलबार अपराह्न उनीहरूलाई नियन्त्रणमा लिएको हो।

प्रहरीले रौतहटका ३६ वर्षीय बलबहादुर सुनार, रामेछापका ३९ वर्षीय विज्ञान राई, काठमाडौँका ३१ वर्षीय सञ्जय राजवाहक र ३६ वर्षीय विमल तामाङ, रामेछापका ३५ वर्षीय रमेश कार्की, धादिङका ३६ वर्षीया कल्पना लम्साल र नुवाकोटका ३९ वर्षीय उद्धव खनाललाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार उनीहरूबाट रु. एक लाख २२ हजार नगद र ५३ थान बिलबुकसमेत बरामद भएको छ। **रासस**


***हतारमा...***

संसद् भवनलगायत सयौँ सरकारी भवन या सम्पत्तिमा आगजनी गरेर ध्वस्त बनाएबाट थाहा हुन्छ। यसको छानबिन किन भएन ? यसको छानबिन गर्न किन अर्को नयाँ समितिको खाँचो भयो ? यसभित्र के रहस्य लुकेको छ ?

एकातिर सरकार सम्पत्ति छानबिन समिति गठन गर्ने कुरा उठाउँछ भने अर्कोतिर समिति गठन नहुँदै अनुसन्धान सुरु भइसकेको सूचना सार्वजनिक हुन्छ। सम्पत्ति छानबिनलाई राजनीतिक प्रतिशोध वा प्रचारको माध्यम बनाउनु उचित हुँदैन। सम्पत्ति छानबिनलाई निष्कर्षमा पुऱ्याउन दृढ राजनीतिक इच्छा शक्ति राख्न आवश्यक छ, प्रतिबद्धता आवश्यक छ। सरकारको नेतृत्व परिवर्तन हुनु ठुलो कुरा होइन; नीतिगत सुधार ल्याउनु जरुरी छ।

साँच्चै जनताको विश्वास जित्नु महत्त्वपूर्ण कुरा हो। जनताको विश्वास जित्ने नाउँमा सरकार गठनको एक दुई महिना प्रम र मन्त्रीहरू सक्रिय भएर कारबाहीको नाउँमा प्रक्रिया अघि बढाएको देखाएर सुशासन आउने छैन; विधिको शासन हुने छैन। सरकार सधैँ सक्रिय, पारदर्शी र जवाफदेही हुनुपर्छ। दोषीहरू कारबाहीमा पर्नुपर्छ। विकासलाई देशैभरि पुग्ने खालको सन्तुलित विकास आवश्यक छ।


## हार्दिक समवेदना



जन्म : २०१०।११।१५
निधन : २०८२।१२।१२

यस समूहका सदस्य लक्ष्मी (माइला) भैलका पूजनीय पिता **कान्छा भैल**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**सद्भाव युवा समूहका साथीहरू**

हरिप्रसाद झामरू · आशकुमार सुवाल · सुनिल सैँजु · रामकृष्ण मानन्धर
दिलकुमार सुवाल · कासिराम दुवाल · सूर्यकुमार लवजु · सत्यनारायण ख्याजु


***ऊर्जा...***

यस नीतिले इन्धनका खुद्रा विक्रेतालाई क्रुद्ध बनाएको छ। तथापि, यस्ता नीतिभित्रका मूल पक्ष महत्त्वपूर्ण हुन्छ। जस्तो, बेलायतको सन् २०२२-२३ 'इनर्जी प्राइस ग्यारेन्टी' योजनाले आपूर्तिकर्तालाई अनुदान दिएर घरपरिवारले तिर्ने भुक्तानीमा सीमा तोकेको थियो। फेरि तिनै आपूर्तिकर्तामाथि अतिरिक्त मुनाफा कर लगाएको थियो।

उता, स्पेन र पोर्चुगलले बिजुली उत्पादन गर्न प्रयोग हुने ग्यासको मूल्यमा सीमा तोकेर स्रोतमै अतिरिक्त नाफामा सीमा लगाउने उपाय अवलम्बन गरेका थिए। यो दोस्रो उपायमा नवीकरणीय ऊर्जाको महत्त्वाकाङ्क्षी विस्तार जोड्ने हो भने बढी प्रभावकारी परिणाम आउनेछ। सन् २०२२ को दोस्रो भागमा स्पेनमा बिजुलीको मूल्य युरोपेली औसतभन्दा ५७ प्रतिशत कम थियो। महँगो ग्यासले अहिले स्पेनिस बिजुली मूल्यको १५ प्रतिशत मात्र हिस्सा निर्धारण गर्छ, जबकि इटालीमा यसको हिस्सा ८९ प्रतिशत देखिन्छ। यदि दिगो विकासलाई प्रवर्द्धन गर्ने उद्देश्य राख्ने हो भने पहिले एकाधिकार नाफालाई अनुमति दिने र पछि कर लगाउनुभन्दा सुरुदेखि नै निष्पक्ष आर्थिक सम्बन्ध स्थापना गर्नु राम्रो हुन्छ।

तेलको हिस्सा बढी भएकाले उत्पादन, यातायात र कृषिमा र तिनका अन्य शाखा क्षेत्रमा यसको झट्का थप बढी हुने भएकाले ऊर्जा सङ्कटको प्रभाव अर्थतन्त्रमा बृहत्तर हुन्छ। यसबाहेक, मुद्रास्फीतिसँग लड्ने हालको प्रमुख उपकरण मानिने ब्याजदर वृद्धिले स्थिति थप खराब बनाउनेछ। ब्याजदर बढाइए मुद्रास्फीतिको आपूर्ति-पक्षको मूल कारण सम्बोधन हुँदैन। अर्को नवीकरणीय ऊर्जाका लागि वित्तपोषणलगायत लगानी महँगो बन्नेछ। अझ खराब लगानीकर्तामा यही प्रवृत्ति पछ्याउँदै शिक्षा, स्वास्थ्य र पूर्वाधारमा सार्वजनिक लगानी थप घटाउन सक्छन्। यो नकारात्मक प्रवृत्तिबाट जोगिन सरकारहरूले केन्द्रीय बैङ्कहरूमा अत्यधिक भर पर्न छाड्नुपर्छ र मुद्रास्फीतिलाई यसको मूलमै सम्बोधन गर्न सुरु गर्नुपर्छ।

सौभाग्यवश, हरित लगानी सबैको जित हुने समाधान हो। यसले जलवायु परिवर्तनलाई कम गर्नुका साथै उत्पादकत्व वृद्धि, गुणस्तरीय रोजगारीको वृद्धि र उच्च जीवनस्तर सिर्जना गर्छ। यी कुरालाई ध्यानमा राख्दा लगानी गरिएको परियोजना आफैँले भुक्तानी गर्ने आय दिन्छ। गत हप्ता मात्र बेलायतको स्वतन्त्र जलवायु निकायले पुष्टि गऱ्यो कि 'नेट-शून्य' कार्बन उत्सर्जनको लक्ष्यतर्फ गरिएको प्रत्येक पाउन्डको लगानीले लगभग २-४ पाउन्ड मूल्य सिर्जना गर्छ। सँगसँगै सफा हावा, न्यानो घरहरू र स्वस्थ आहारजस्ता अन्य फाइदा त हुने नै भए।

अहिलेको ऊर्जा सङ्कट राज्यका लागि उचित मूल्यमा आधारभूत आवश्यकता प्रदान गर्ने क्षमता, उपकरण र संस्था विकास गर्ने बेला हो। साथै अपमानजनक कर्पोरेट नाफामा रोक लगाउन र औद्योगिक रूपान्तरणलाई प्रवर्द्धन पनि यस्तै समयमा गर्न सकिन्छ। अर्थशास्त्री जोन मेनार्ड केन्सले लगभग एक शताब्दीअघि जोड दिएझैँ, निजी क्षेत्र र उपभोक्ताको विश्वास घटेको समयमा राज्यले दिशा र लगानी प्रदान गर्नुपर्छ। सरकारहरूले अहिले देखिएको उर्जा सङ्कटमा निरीह नभई मानव पीडा कम गर्न र दीर्घकालीन आर्थिक दिगोपनमा लगानी गर्न निर्णायक कदम चाल्नुपर्छ।

*(मारियाना 'युनिभर्सिटी कलेज लन्डन' की प्राध्यापक हुन्।)*

*- 'प्रोजेक्ट सिन्डिकेट' बाट*


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## उत्कृष्ट खेलाडी छनोटसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्समा उत्तीर्ण प्रशिक्षकहरूलाई (रिफ्रेसर कोर्स गर्नेलाई बाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ-आफूले २०८२ सालमा प्राप्त गर्नुभएका प्रमाणपत्रहरूको प्रतिलिपि मिति २०८३ वैशाख १० गतेभित्र सम्बन्धित खेल सङ्घको सिफारिससहित, भ.न.पा. प्रशासन शाखा वा राय ह्यान्डिक्राफ्ट खौमामा पेस गर्नुहुन अनुरोध गरिन्छ।



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

# ख्वप माध्यमिक विद्यालय

भ.न.पा. ६, देकोचा, भक्तपुर

## ई-बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/१२/१८

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि गाडी भाडामा लिनका लागि प्रकाशित सूचनाअनुसार, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लिखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७ (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | बोलपत्र सूचना नं. | कार्य विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अङ्क (मू.अ.क.सहित) |
|---|---|---|---|---|
| १. | Khwopass /NCB/ Goods /BusService /082/83 | Procurement of Bus Fare Service | Newa Tour and Travels, Changunarayan, Bhaktapur | 90,71,640.00 |



## हार्दिक समवेदना



जन्म
२००६/०७/१५

निधन
२०८२/१२/१५

हाम्रा हितैषी मित्रहरू गणेशमान कोजु, विक्रम कोजु र राकेश कोजुकी ममतामयी माता **भुवनेश्वरी कोजु**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**तुमचो पासा पुचःका साथीहरू**

हरिकृष्ण साखकर्मी · न्हुछेबहादुर छ्वाजु · रामहरि कासिछ्वा
श्यामसुन्दर छ्वाजु · कृष्णबहादुर कासिछ्वा · उज्ज्वल गोसाई
राजुप्रसाद ज्याख्व · विजयकृष्ण गोसाई · विकेश छ्वाजु
कृष्णप्रसाद छ्वाजु · लक्ष्मीनारायण कोजु · निजन ज्याख्व
लक्ष्मीनारायण झामरु · सहदेव सिजख्व · अजित ज्याख्व
सुनिल बोहजु · चन्द्रराम दुवाल


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा